मष्टा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ३ मितिः २०८१/१२/०३

## भाग-२

## मष्टा गाउँपालिका

# बाल विवाह अन्त्यका लागि स्थानीय रणनीति र कार्ययोजना २०८१

**१. प्रस्तावना :**

बाल विवाह नेपालको सामाजिक, सांस्कृतिक, र आर्थिक परिवेशमा गहिरो रूपमा गाँसिएको गम्भीर समस्या हो । यसले बालबालिकाको शारीरिक, मानसिक, शैक्षिक, र सामाजिक विकासमा गम्भीर असर पुऱ्याउँछ । बाल विवाहले खासगरी बालिका शिक्षाबाट वञ्चित हुने, स्वास्थ्य समस्यामा फस्ने, तथा घरेलु हिंसा र गरिबीको चक्रलाई निरन्तरता दिने समस्या सिर्जना गर्दछ । मष्टा गाउँपालिका बाल विवाहको चपेटाबाट मुक्त समाज निर्माण गर्ने लक्ष्य सहित यो रणनीति तयार गरिएको हो। यस रणनीतिले बाल विवाह अन्त्यका लागि कानुनी, सामाजिक, सांस्कृतिक, शैक्षिक, र आर्थिक पक्षलाई समेट्दै दीर्घकालीन समाधानका लागि मार्गदर्शन गर्दछ। बालबालिकाको उज्वल भविष्य, सुरक्षित समाज, र दिगो विकासका लागि मष्टा गाउँपालिका यो अभियानमा दृढतापूर्वक प्रतिबद्धता छ । बाल विवाह अन्त्य गर्नका लागि

जनचेतना अभिवृद्धि, बालबालिकाका अधिकारको संरक्षण र प्रवर्द्धन, बाल विवाह रोकथामका लागि कानुनी र सामाजिक पहलको कार्यान्वयन, शिक्षा, स्वास्थ्य, र आर्थिक सशक्तिकरणद्वारा बाल विवाहका मूल कारणहरूको समाधान गर्दै, मष्टा गाउँपालिकालाई बाल विवाहमुक्त क्षेत्र बनाउँन र बालबालिकाको समग्र विकास सुनिश्चित गर्ने मार्गदर्शनको रुपमा काम गर्नेछ ।

यस रणनीतिको उद्देश्य भनेको समाजका सबै तहमा बाल विवाहको हानिकारक प्रभावको बारेमा सचेतना फैलाउनु, कानूनी कार्यान्वयनलाई कडा बनाउनु, र बालिकाहरूलाई अधिकारसहितको जीवनयापनको अवसर प्रदान गर्नु हो । यो रणनीति सरकार, गैरसरकारी संस्था, सामुदायिक संस्था, र समाजका विभिन्न समूहहरू बीच को सहकार्यद्वारा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ, भने दिगो विकासका लक्ष्यहरू, विशेष गरी बालबालिकाको अधिकार, शिक्षा, स्वास्थ्य र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्दै समग्रमा, बाल विवाह अन्त्य गर्न सशक्त कानूनी, सामाजिक, र शैक्षिक हस्तक्षेप आवश्यक भएको कुरामा जोड दिदै बालबालिकाको उज्ज्वल भविष्य र समाजको दीर्घकालीन प्रगतिमा योगदान पुर्याउनु रहेको छ । गाउँपालिकाको अगुवाईमा स्थानीय समुदायको सक्रियता, तथा सबै तहका सरकारी र गैरसरकारी संस्थाहरूको समन्वयबाट बाल विवाह अन्त्यमा सकारात्मक प्रभाव पार्न सकिने विश्वासका साथ यो रणनीति लागु गरिएको छ ।

**२. अन्तराष्ट्रिय प्रतिवद्धता :**

बाल विवाह अन्त्यका लागि विश्वभर विभिन्न अन्तर्राष्ट्रिय प्रयासहरू गरिएको छ। यस्ता प्रयासहरूले कानूनी, सामाजिक, आर्थिक, र शैक्षिक पक्षहरूमा ध्यान दिन्छन्। मुख्य अन्तराष्ट्रिय प्रयासहरू निम्न छन्:

**क. सन्धि र कानूनी पहलहरूः**

- बाल अधिकार सम्बन्धी महासन्धि (UNCRC): सन् १९८९ मा संयुक्त राष्ट्रसंघले पारित गरेको यो महासन्धिले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका मान्दै उनीहरूको अधिकार सुनिश्चित गर्न राज्यहरूलाई बाध्य बनाउँछ।
- CEDAW (महिलाविरुद्धको सबै प्रकारका भेदभाव उन्मूलन सन्धि): यो सन्धिले महिला र बालिका विरुद्धको सबै प्रकारका भेदभाव हटाउन आग्रह गर्दै बाल विवाह रोक्न विशेष प्रावधानहरू राखेको छ।

**ख. संयुक्त राष्ट्रसंघका कार्यक्रमहरूः**

- UNICEF र UNFPA को संयुक्त पहल - "Ending Child Marriage: A Global Programme": यस कार्यक्रमले उच्च बाल विवाह हुने मुलुकहरूमा बालिका शिक्षा, कानूनी सुरक्षाको पहुँच, र आर्थिक सशक्तिकरणलाई प्राथमिकता दिएको छ।
- सार्वजनिक सचेतना अभियानहरूः यस्ता अभियानहरूले समुदायस्तरमा बाल विवाहका नकारात्मक प्रभावबारे जानकारी दिन्छन्।

**ग. क्षेत्रीय पहलहरू**

- आफ्रिकी चार्टरः बाल अधिकार र कल्याण सम्बन्धी अफ्रिकी चार्टरले बाल विवाहलाई कानूनी रूपमा प्रतिबन्ध लगाउन र यसको अन्त्यका लागि नीति बनाउने निर्देश दिएको छ।
- दक्षिण एसियाली पहल (SAARC): दक्षिण एसियामा बाल विवाह उच्च भएकाले यस क्षेत्रमा बाल विवाह अन्त्य गर्न विशेष रणनीतिहरू अपनाइएका छन्।

**घ. बिश्वब्यापी पहलहरूः**

- "Girls Not Brides" अभियानः यो एक बिश्वब्यापी साझेदारी हो जसले बाल विवाह अन्त्यका लागि १०० भन्दा बढी देशहरूमा काम गरिरहेको छ।

**ङ. दिगो विकास लक्ष्य (SDG):** SDG ५.३. मा बाल विवाह अन्त्य गर्ने स्पष्ट लक्ष्य राखिएको छ।

**च. शिक्षा र सशक्तीकरणका प्रयासहरू:**

- बालिका शिक्षामा लगानी गरेर उनीहरूलाई आत्मनिर्भर बनाउन प्रयास भइरहेको छ।
- गरिबी न्यूनीकरणका कार्यक्रमहरूले आर्थिक कारणले हुने बाल विवाहलाई रोक्ने उद्देश्य राखेका छन्।

**छ. सामाजिक परिवर्तनका लागि सहकार्य** : समुदायस्तरमा धार्मिक नेता, शिक्षक, र अभिभावकहरूलाई साथ लिएर परम्परागत सोचलाई परिवर्तन गर्न प्रयासहरु गरिएका छन् ।

**ज. मानव अधिकार संस्थाहरूको योगदान** : Human Rights Watch, Amnesty International जस्ता संस्थाहरूले बाल विवाहका घटनाहरूको अनुगमन गर्दै सरकारलाई यसबारे जवाफदेही बनाउँदै आएकाछन् । यी प्रयासहरूको प्रभावकारिता भने देशको कानूनी कार्यान्वयन र सामाजिक संरचनामा निर्भर रहन्छ। बाल विवाह अन्त्य गर्न सबै पक्षले समन्वयात्मक रूपमा काम गर्नुपर्ने कुरा औंल्याइएको छ ।

बाल विवाह विरुद्धको लडाइँमा अन्तर्राष्ट्रिय स्तरमा धेरै कानुनी, नैतिक, र नीतिगत प्रतिबद्धताहरू विकसित भएका छन् । बाल विवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य, अधिकार र भविष्यलाई प्रत्यक्ष प्रभाव पार्छ, त्यसैले विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र पहलहरू बाल विवाह अन्त्य गर्ने उद्देश्यले प्रतिबद्ध भएका छन् । नेपालले बाल विवाह अन्त्यका लागि विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ। यी प्रतिबद्धताहरूले बाल विवाह रोक्न कानुनी, सामाजिक, र नीतिगत उपायहरूको प्रवर्द्धन गर्दै अन्तर्राष्ट्रिय स्तरमा पहल गर्ने उद्देश्य राख्छन् ।

**३. राष्ट्रिय नीति तथा कानुनी प्रावधान** : नेपालमा बाल विवाह अन्त्यका लागि र बालबालिकाको अधिकार सुनिश्चित गर्न सरकार र विभिन्न निकायहरूले नीतिगत तहमा धेरै व्यवस्थाहरू लागू गरेका छन्। बालसंरक्षण तथा बालअधिकार सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग सम्वन्धित ऐन कानूनहरुका साथै विभिन्न कार्यक्रमगत व्यवस्थाहरु, मन्त्रिपरिषद देखि मन्त्रालयसम्मका निर्णयहरुबाट कार्यान्वयनमा रहेकाछन् । साथ साथै बालश्रम अन्त्यका लागि राष्ट्रिय गुरु योजना २०७५ देखि २०८५, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ बालबालिकाको संरक्षणका लागि बनेका प्रमुख दस्तावेज को रुपमा रहेको पाईन्छ ।

**क. नेपालको संविधान, २०७२:** नेपालको संविधानले बालविवाहलाई रोक्न आधारभूत अधिकारको रुपमा व्यवस्था गरेको छ। विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। संविधानले बालबालिकाको संरक्षण, विकास, र शिक्षाको अधिकार सुनिश्चित गरेको छ । नेपालको संविधान २०७२ को धारा ३१ अनुसार शिक्षा सम्बन्धि हक, धारा ३५ अनुसार स्वास्थ्य सम्बन्धि हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाका हकहरुले बालबालिकाहरुको सबै अधिकार सुनिश्चित गरेको छ ।

**ख. बालबालिका सम्बन्धी ऐन, २०७५:** ले बालविवाहलाई गैरकानुनी घोषणा गरिएको छ। १८ वर्षमुनिका व्यक्तिहरूलाई बालबालिका मानिने व्यवस्था गरिएको छ भने बिहेको लाई उपर्युक्त उमेर २० बर्ष तोकेको छ । बालविवाह गराउने वा दबाब दिने पक्षलाई कारबाहीको प्रावधान गरिएको छ।

**ग. मुलुकी देवानी संहिता २०७४ र फौजदारी अपराध (संहिता) ऐन, २०७४** : २० वर्षभन्दा कम उमेरमा गरिने विवाहलाई कानुन विपरीत घोषणा गरिएको छ। बाल विवाह गराउने, दबाब दिने, वा संलग्न हुनेलाई जरिवाना तोकिएको छ ।

**घ . राष्ट्रिय बाल नीति, २०७१:** यो नीतिले बालविवाह रोक्न सचेतनामूलक अभियान सञ्चालन गर्ने प्रावधान गरेको छ। बालबालिकाको अधिकार सुनिश्चित गर्न विभिन्न क्षेत्रीय र स्थानीय कार्यक्रमहरूको योजना बनाउने व्यवस्था गरिएको छ।

**ङ. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका कार्यक्रमहरू:** बाल विवाह अन्त्य गर्न विद्यालयस्तरमा सचेतनामूलक शिक्षा कार्यक्रम सञ्चालन, स्थानीय सरकार र समुदायको सहभागितामा निगरानी समिति गठन,

बालविवाहको जोखिममा परेका बालबालिकाका लागि सहारा केन्द्रको स्थापना जस्ता कार्यक्रमहरु संचालन भईरहेका छन् ।

**च. शिक्षा नीति, २०७६:** सबै बालबालिकाका लागि अनिवार्य र निःशुल्क आधारभूत शिक्षा, बालबालिकालाई विद्यालयमा राखेर उनीहरूलाई बाल विवाहबाट जोगाउने प्रयास गरिने कुरा उल्लेख गरिएको छ ।

**छ. सामुदायिक सचेतना अभियानहरू संचालन :** सरकारी तथा गैरसरकारी क्षेत्रबाट यस अभियानलाई प्राथमिकताका साथ "बालविवाह मुक्त क्षेत्र घोषणा" जस्ता अभियानहरू र स्थानीय स्तरमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू संचालनमा रहेका छन् ।

**ज. बाल विवाह अन्त्यका लागि कार्ययोजना (२०७२-२०७९):** यो कार्ययोजनाले बाल विवाह अन्त्य गर्न शिक्षाको पहुँच, स्वास्थ्य सेवाको सुधार, र सामाजिक चेतनाको विकासलाई प्राथमिकता दिएको छ भने कानुन कार्यान्वयन प्रभावकारी बनाउन स्थानीय सरकारको भूमिका सक्रिय गराइएको छ।

**झ. अन्तर्राष्ट्रिय सन्धिहरू र दायित्व:** नेपालले बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि (UNCRC) अनुमोदन गरेको छ भने दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत २०३० सम्म बाल विवाह अन्त्य गर्ने लक्ष्य राखेको छ ।

यसरी राज्यको प्राथमिकतामा रहेर पनि बाल विवाह अन्त्यका लागि बनेका नीति र कानुनको प्रभावकारी कार्यान्वयन गर्न अझै चुनौतीहरू छन्। ग्रामीण क्षेत्रमा गरिबी, अशिक्षा, र परम्परागत सोचको कारण समस्या गहिरो छ भने शिक्षा, कानुनी जागरुकता, र स्थानीय समुदायलाई सशक्त बनाउने उपायहरू अझ प्रभावकारी ढंगले लागू गर्न जरुरी छ । तसर्थ यस मष्टा गाउँपालिकाले यथार्थ सूचनाका आधारमा वालवालिकाहरूको आधारभुत अवस्था पहिचान गरी उनीहरूका चाहाना र आवश्यकता क्रमिक रुपले पुरा गर्दै यस गाउँपालिकालाई वालमैत्री गाउँपालिकाको रुपमा विकास गर्न सरोकारवालाहरुको सहभागितामा बाल विवाह अन्त्य गर्ने रणनिति तयार गरी सोहि बमोजिम गाउँपालिकालाई वालवालिकाहरूको तमाम अधिकारहरूलाई परिलक्षित गरि सोहि अनुसारका कार्यक्रम तथा योजनाहरू सञ्चालन तथा ब्यवस्थापन गर्ने अठोट र प्रतिवद्धताका साथ यो रणनिति योजना तयार गरिएको छ ।

**४. मष्टा गाउँपालिकाको बाल विवाहको अवस्था, नीति, रणनीति एवं योजनाहरु :**


बाल विवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । बिशेष गरी बालिका र महिलाको सन्दर्भमा बाल विवाहले एउटा मात्रै अधिकारको उल्लंघन गर्नु उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा,यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले वालिका र महिलाहरु थप प्रताडित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भुमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक तत्व बन्न पुग्दछ ।

यस मष्टा गाउँपालिकामा बालविवाह गर्ने प्रचलनमा बिस्तारै परिवर्तन हुदै आएको पाईन्छ । पालिकाले विभिन्न साझेदारहरुको सहकार्यमा बिभिन्न प्रभावकारी कार्यक्रमहरु तय गरि कार्यान्वनमा ल्याएको छ भने बाल मैत्री स्थानिय शासन अवधारणा अबलम्बन गरिने योजना रहेको छ । पहिले सामाजिक परम्परा र रितिरिवाज अनुसार किशोरावस्थामै विवाह गर्ने चलन थियो तर अहिले अभिभावकहरुले उच्च शिक्षा अध्यायनका लागि बालबालिकाहरुमा लागानि गर्ने प्रचलनमा केहि सुधार भएको छ । यद्यपी केही किशोर किशोरीहरुले आफै विवाह गर्ने गरेको पाईएको छ । नेपालको राष्ट्रिय बाल विवाह अन्त्य पाश्वचित्र २०२० का अनुसार नेपाल ५ लाख बालिका दुलहीहरुको घर हो त्यसमा पनि १ लाख ३० हजार १५ बर्ष मुनिका बालिकाहरु रहेका तथांक रहेको छ । बझांग जिल्लामा राष्ट्रिय जनगणना २०७८ का अनुसार बाल विवाह घटिरहेको अवस्थामा देखाएको छ भने पालिका सरोकारवालाको पनि सोहि

धारणा रहेको छ । दिगो विकास लक्ष्यको हासिल,यौन तथा प्रजनन स्वास्थ अधिकार र समग्रमा मानव अधिकार को प्राप्तिमा बाल विवाहले निकै ठुलो प्रभाव पारिरहेको छ । यसले समग्रमा व्यक्तिको व्यक्तित्व विकासकासंगै सामाजिक विकास,शिक्षा, स्वास्थ र समग्र विकासलाई पनि प्रभावित गरिरहेको छ ।

विशेषगरी तराईका जिल्लाहरुमा तुलनात्मक रुपमा बालविवाह बढी हुने गरेको अध्ययनले देखाएको छ । विकट पहाडी जिल्ला अछाम, बैतडी, डोटी, बझाङ, दार्चुला आदिमा पनि बालविवाहको दर उच्च रहेको पाइन्छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरुको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ । राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र शहरी क्षेत्रमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन । मधेशी समुदायका साथै सीमान्तकृत समूहहरु जस्तैः दलित, जनजाती र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा यो दर उच्च रहेको छ ।

बझाङ जिल्लाको पुर्वी भागमा अवस्थित मष्टा गाउँपालिका सुगमताका हिसाबले तुलनात्मकरुपमा अन्य गाउँपालिकाहरु भन्दा सुगम तथा जिल्ला सदरमुकामसँग जोडिएको गाउँपालिका हो ।मष्टा गाउँपालिकाको नामाकरण हालको वडा नं ३ मा अवस्थित मष्टा मन्दिर बाट गरिएको हो र यस क्षेत्रमा मुख्य कुल देवताको रुपमा पुजिन्छ ।उच्च पहाडी जिल्लाको रुपमा रहेका बझाङ जिल्लाकै धरातलिय विशेषता झल्काउने यस गाउँपालिका साविकका कोटदेवल, भातेखोला, रिलु र मष्टा गाविस मिलेर बनेको छ । यो गाउँपालिका हालको संघीय संरचनामा सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्दछ । यो गाउँपालिका १०९.२४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको भने वि. सं. २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १३२६५(महिला ७१५०र पुरुष ६११५) रहेको छ भने २५४५ घरधुरी रहेका छन् । यो पालिका समुन्द्री सतहको १२०० मिटर देखि २५०० मिटर सम्मको उचाईमा फैलिएको छ । यस पालिकाको सक्षरता दर ८६.०४ प्रतिशत छ भने ७९.७ प्रतिशत पुरुष को र ५८.९ प्रतिशत रहेको छ । बझांग जिल्लामा राष्ट्रिय जनगणना २०७८ का अनुसार बाल विवाह घटिरहेको अवस्थामा देखाएको छ । NMICS २०१९ का अनुसार सुदुरपश्चिममा ४५% महिला १८ वर्ष नपुग्दै बिबाह हुन्छ भन्ने तथ्यांकले देखाउछ तर यस पालिकामा २०-२४ वर्ष उमेर समुहका २० वर्ष मुनि बिबाह गरेका ६९ प्रतिशत १८ वर्ष मुनी बिबाह गर्ने ३३ प्रतिशत र १५ वर्ष मुनी बिबाह गर्ने ५ प्रतिशत रहेको देखिन्छ । गाउँपालिका स्वास्थ शाखाको रेकर्ड हेर्दा प्रसव पूर्व स्थानीय स्वास्थ संस्थामा गत आवमा १४६ जना ले भ्रमण गर्दा २० जना (१३.६९%) २० वर्ष मुनि का महिला रहेको पाइयो । यसरी हेर्दा यस पालिकामा हाराहारी १५ % भन्दा बढी २० वर्ष मुनिको विवाधि हुने गरेको देखिन्छ ।




स्रोतः राष्ट्रिय जनगणना २०७८

कानुनी बन्देज तथा विभिन्न सचेतनामुलक कार्यक्रमका कारण पालिकामा बालविवाह, प्रचलन क्रमशः कम भएको कुरा सरोकारवालाहरु संगको छलफल  र आम समुदायमा सुन्न पाइन्छ, यद्यपी अहिले बालबालिकाहरुको विवाह गरिदिने भन्दा पनि उनीहरु आफै विवाह गर्ने प्रचलन बढ्दो छ । कतिपय अवस्थामा बालबालिकाका घटना उजागर हुदैनन् तर पनि संघसंस्था र समाचार माध्यमले यस्ता घटनाहरुलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् । यस मष्टा गाउँपालिकामा बालविवाह हुने गरेको यथार्थता रहिरहेको छ । यस पालिकामा मागि विवाह वा जवरजस्ति गरिने विवाह विगत तीन चार बर्ष देखिनै न्यूनिकरण हुदै आएको छ । यस्तो रुपमा गरिने विवाह अहिले विरैले हुनेगर्दछन् र कहा हुन्छ भन्ने पनि जानकारीमा आउदैन् । बालविवाह सम्बन्धि भएका कानुनी सचेतना र सामाजिक परिचालनका अभ्यासले गर्दा मागि विवाह वा जबरजस्ती हुने विवाहमा कमि आएको हो । तर किशोर किशोरीले देखासिकि र यो उमेरमा हुने विपरित लिंगी आकर्षणका कारण विवाह गर्ने प्रचलन बढ्दो छ । त्यस्ता विवाह औपचारिक रुपमा सामाजिक संस्कार अनुरुप हुने गरेका छैनन् । जति विवाह हुन्छन् लुकिछिपि हुने र अन्त्यमा गर्भाधारण भईसकेपछि सार्वजनिक हुने गरेको अवस्था देखिन्छ । कतिपय हुन लागेका विवाह स्थानीय तहको प्रयासमा रोकिएका पनि छन् । कानुनी कार्वाहीको डरले तत्काल अलग अलग बस्ने सम्झौतामा भए पनि केहि समय पछि संगै बस्ने गरेका उदाहरणहरु प्रशस्त भेटाउन सकिन्छ । यसले गर्दा उमेर नपुगी हुने विवाहमा कमि आउनुको साटो सामाजिक तथा कानुनी रुपमा औपचारिक मान्यता दिनु अगावै संगै बस्ने, बच्चा जन्मिने तथा गर्भाधारण हुने गरेकाले कानुनको प्रभावकारी परिपालनामा चुनौति रहेको देखिन्छ ।

बालविवाहको अवस्था पत्ता लगाई प्रभावकारी रणनीति तयार पार्नको निमित्त यस रणनितिको मस्यौदा गर्दा समुदाय स्तरमा केही समुह लक्षित छलफल तथा जिम्मेवार व्यक्तिहरु संग अन्तरवार्ता गरिएको थियो । उक्त छलफल तथा अन्तरवार्ताले समुदायस्तरमा बाल विवाह हुने गरेको तर विगत बर्ष भन्दा आधाले बाल विवाहमा कमि आएको बताउनु भयो । बाल विवाह परिवारका मान्छेहरुले गरिदिने स्थितिमा धेरै कमि आएको कुरा भन्नु भयो भने उमेर नपुगि गरिने विवाहमा २० बर्षे उमेरहद बढी भएको र हाम्रो सामाजिक र साँस्कृतिक प्रचलन अनुसार यो अवधिमा बढी विवाह हुने गरेकाले उमेर नपुगि गरिने विवाह तथ्यांकमा बढी देखिने गरेको कुरा समेत गर्नुभयो यद्यपी अहिले १८ बर्ष भन्दा

मुनिको विवाहमा गाउँपालिका र स्थानिय संघ संस्थाहरुको प्रयासले निकै कमि आएको पाइयो । छलफलकै क्रममा समुदायमा केटाभन्दा केटीहरुले कम उमेरमा विवाह हुने गरेको पाईयो ।

मष्टा गाउँपालिकामा पनि बालविवाह हानिकारक अभ्यास का रुपमा विद्यमान छ, जसले किशोर-किशोरीहरूको शिक्षा, स्वास्थ्य र समग्र विकासमा नकारात्मक प्रभाव पारिरहेको छ । नेपाल सरकारले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्यसहित राष्ट्रिय रणनीति २०७२ जारी गरेको छ, जसले किशोर-किशोरीसँग सम्बन्धित सबै मुद्दा सम्बोधन गर्न र बालविवाह अन्त्यका लागि कानुन कार्यान्वयनमा जोड दिएको छ । मष्टा गाउँपालिकाले पनि यस रणनीतिलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न आवश्यक देखिएको छ। बालविवाह न्यूनीकरणका लागि मष्टा गाउँपालिकाले समुदायमा बालविवाहका हानिकारक प्रभावबारे जनचेतना फैलाउन विभिन्न कार्यक्रमहरूको आयोजना गर्ने, किशोर-किशोरीहरूलाई विद्यालयमा टिकाइ राख्न गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने प्रयास, गरिबीका कारण बालविवाह हुने सम्भावना कम गर्न आयमूलक क्रियाकलापहरूमा समुदायलाई संलग्न गराउने र बालविवाहसम्बन्धी कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न स्थानीय निकाय र सरोकारवालाहरूको समन्वयका अतिरिक्त, मष्टा गाउँपालिकाले बालमैत्री स्थानीय शासन प्रणालीको विकासमा पनि ध्यान केन्द्रित हुने सोच गरेको छ, जसले बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनमा सहयोग पुऱ्याउनेछ । समग्रमा, मष्टा गाउँपालिकाले बालविवाह न्यूनीकरणका लागि नीति, रणनीति र योजनाहरू कार्यान्वयन गर्दै आएको छ, जसले समुदायमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

बालविवाहको अवस्था अध्ययनका लागि गरेको लक्षित समूह छलफल, सरोकारवालाहरुसँगको छलफल तथा अन्तरकृया, स्थानीय सुचनादातासँग गरिएको अन्तर्वार्ता र स्रोत सामग्रीहरुको अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा यस मष्टा गाउँपालिकामा बालविवाह बिधमान हुनुका मुख्य कारणहरु र तिनका प्रभावहरुलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

**बालविवाहका मुख्य कारणहरु :**

- पितृसत्तात्मक सोच भएको यहाको समाज छोरीलाई बोझको रुपमा लिने, लैंगिक विभेद, छिटो बिहे गरे धर्म हुने परम्परागत गलत मूल्य मान्यताहरु र परिवारिक दबाव जस्ता सामाजिक, धार्मिक र संस्कृतिकको कारण बाल बिबाह भइरहेको छ ।
- धेरै परिवारहरू आर्थिक समस्याबाट गुज्रिरहेका छन्, स्थानीय रोजगारीका अवसरहरुको कमि छ, जसका कारण उनीहरूले आफ्नो छोरीलाई बाल्यावस्थामा विवाह गरेर परिवारको 'आर्थिक बोझ' कम गर्ने र छोराको बिबाह गरेर आर्थिक स्थिति सुधिने उपायको रूपमा लिने गरेकाछन ।
- ग्रामिण क्षेत्रहरूमा गुणस्तरीय शिक्षा र जागरूकताको कमीले गर्दा बाल बिबाहको समस्या रहेको छ । जब बालिकाहरूलाई गुणस्तरीय शिक्षा र स्वास्थ्यका बारेमा साँचो तथा जानकारी हुँदैन र उनीहरु बाल बिबाहको नकारात्मक प्रभावलाई बुझ्न सकिरहेका छैनन् ।
- बालिकाहरूका लागि शिक्षा, स्वास्थ्य, र निर्णयमा सहभागिता सुनिश्चित गर्ने अधिकारको कमीले गर्दा उनीहरूलाई बाल विवाहको शिकार भईरहेका छन् ।
- किशोरकिशोरीमा अपरिपक्वता र बाल बिबाहले गर्दा पर्ने असरको बारेमा ज्ञानको अभाव, साथीहरुको लहैलहैमा लाग्नु र साथीहरुको दवावलाई नकार्न नसक्नु, विवाहलाई योजना भन्दा रमाइलो घटनाको रुपमा लिने साथै सामाजिक संजाल संचार साधनको प्रयोग मार्फत बाल विवाह हुनेगरेको छ ।
- बालबालिका सम्बन्धी विद्यमान नीति, कानून र रणनीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु र बालविवाह दण्डनीय अपराध भएको बारेमा सचेतनाको कमि ।

- गरगहना लगाउन पाइने, प्रेमले भरिपूर्ण जीवन र विवाहपछि विद्यालय जान नपर्ने सोचाईका साथै २० वर्षभन्दा कम उमेरमा हुने विवाहवाट हुनसक्ने हानि र समस्याको वारेमा परिवार एवं बालबालिकाहरु जानकारीको कमि ।
- अभिभावकबाट मागि बाल विवाह रोकिएता पनि भागि विवाहमा अभिभावकले नै स्वीकार गर्ने प्रवृत्तिले बाल विवाहलाई प्रशय मिलेको ।

**बाल विवाहका मुख्य असरहरु :**

- **गम्भीर स्वास्थ्य समस्या निम्तिने :** उमेर नपुगी भएको विवाहले शारीरिक र मानसिक रुपमा तयार नभएको अवस्थामा गर्भवती भई स्वास्थ्यका लागि जोखिमपूर्ण हुन्छ । यसले जटिल गर्भधारण, प्रसव पीडा, आङखस्ने, गर्भपतन, फिस्टुला, मातृमृत्यु र शिशु मृत्युदरलाई बढाउनुको साथै जीवनभरी रोगि हुनुपर्ने अवस्था ल्याउछ । जन्मिने बच्चा शारीरिक, मानसिक रुपमा कम विकसित भएको, कम तौल भएको जन्मिने हुनसक्छ भने बच्चाले पनि राम्रो स्याहार नपाउने र पारिवारिक माया ममताबाट बञ्चित भई उमेर नपुग्दै पारिवारिक जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ ।
- **शिक्षामा बाधा :** बाल विवाहका कारण बालबालिकाले प्रायः आफ्नो पढाइलाई जारी राख्न सक्दैनन्, जसले उनलाई शैक्षिक अवसरहरूको अभावमा राख्छ र यस्ता बालबालिकाहरूलाई भविष्यमा राम्रो पेशा प्राप्त गर्न कठिनाई हुन्छ र उनीहरूको जीवनस्तरमा ठुलो असर पर्छ ।
- **आर्थिक असमानता:** कम उमेरमा विवाह गर्दा परिवारमा गम्भीर आर्थिक असर पर्नसक्छ । शैक्षिक अवसरहरूको कमी र रोजगारमा पहुँच नहुनु आर्थिक सापेक्षतामा असमानता सिर्जना गर्छ र आर्थिक रूपमा निर्भर हुने अवस्था बढाउँछ र परिवारको समृद्धि रोकिन्छ ।
- **मानसिक र भावनात्मक असर:** बाल विवाहले बालबालिकामा मानसिक दबाव, तनाव र उदासी सिर्जना गर्न सक्छ। उनीहरूमा आत्मसम्मानको कमी, असुरक्षाको भावना, र डिप्रेशन हुन सक्छ । यस्तो अवस्था मानसिक, भावनात्मक र शारीरिक रुपमा दुर्व्यवहारका कारण पनि बढ्छ ।
- **सामाजिक असमानता:** बाल विवाहले समाजमा लिंग असमानता र पारम्परिक भेदभावलाई बल पुर्याउँछ र बालिका प्रायः पुरुषप्रधान समाजमा उत्पीडन र हिंसा झेल्नुपर्ने हुनुका साथै बालिका र महिलाको अधिकार र स्वतन्त्रता सिमित हुन्छ ।
- **नयाँ पीढीमा असर:** बाल विवाहका कारण बालबालिकाहरूको शिक्षा र स्वास्थ्यमा असर पर्छ जसले गर्दा नयाँ पीढी पनि कमजोर बनाउँछ र अर्को पुस्तामा निरन्तरता पाइरहन्छ, जसले समाजको विकासमा अड्चन पुर्याउँछ।

उल्लेखित अवस्थामा मष्टा गाउँपालिका निकै सम्बेदनशील भएर बाल बिबाह एक सामाजिक समस्या हो । यस लाई जारै देखि अन्त्य गर्नु पर्छ भनेर विभिन्न साझेदारहरु संग मिलेर विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । पालिकाले आफै पनि विभिन्न कार्यक्रमहरु तय गरि काम गरि रहेको छ भने एनफसीसी र युएनएफपीए लगाएतका संघसस्थाहरुको संलग्नतामा विभिन्न काम भईरहेको छ । पालिकाको सबै वडाहरुमा रुपान्तरण कक्षाहरु संचालन गरिरहेको, बाल बिबाहको जोखिम असरको बारेमा सबै टोल बस्तिमा सचेतनामुलक कार्यक्रम संचालन भईरहेको, स्वास्थ संस्था तथा बिद्यालयमा किसोरकिसोरी मैत्री कार्यक्रम कार्यान्वयनमा छ, गरिबी न्यूनीकरणका लागि बिपन्न परिवारलाई समेट्दै विभिन्न सिपमुलक कार्यक्रमहरु संचालन भइरहेको, छोरा छोरी लाई बिद्यालय निरन्तरताको लागि विभिन्न उत्प्रेरणामुलक कार्यक्रमहरु संचालनमा छन् । कानुन कार्यान्वयनको पक्ष प्रभावकारी बनाउनु पर्ने, बाल बिबाहका कार्यक्रमहरुको प्रभावकारिता सुनिश्चित गर्नु पर्ने आवस्यक देखिन्छ साथै सरकारले दिने सेवा सुविधामा बिपन्न वर्गको संग्लनता र सहभागिता सुनिश्चित गरिनु पर्ने देखिन्छ र अनुगमन संयन्त्र प्रभाबकारी पार्नु पर्ने कुरा पनि उत्तिकै आवश्यक देखिन्छ । यी कार्यले हामीले पालिका लाई देशमै नमुना पालिका बनाउन सकिने अवसर पनि उत्तिकै छ भने सरकारको स्थानीय सेवा गुणस्तर विश्लेषणले श्रोत सिर्जना समेत हुने देखिन्छ । यद्दपी स्थानीय सरकारको चासो

र प्राथमिकता मा यो बिषय परिरहे ठुलोखालको बिपत तथा राजनीतिक अस्थिरता भएन भने यो समस्या मष्टा गाउँपालिकाले समधान गर्न सक्नेमा हामी विश्वस्त छौ । अहिले पालिका मा ३६ वटा महिला स्वास्थ स्वंसेबक र आमा समुहहरु क्रियासिल छन् । २४ वटा किसोर किसोरी समुहमा रुपान्तरण कक्षा संचालनमा रहेका छन् । ७ वटा स्वास्थ्य संस्था सेवा प्रवाह गरिरहेका छन् भने ३४ वटा बिद्यालयहरुले पनि यस अभियानलाई सघाउदै हुनुहुन्छ र बिद्यालयमा ३४ बाल क्लव संचालनमा छन् जसले बल बिबाह रोक्नको लागि प्रभाबकारी भूमिका निभाईरहेका छन् र भविष्यमा निगरानी समुहको रुममा काम गर्नेछन् । त्यसै गरेर ७ वटा बाल संजाल र महिला तथा किसोरिको संजालहरु पनि क्रियाशिल रहेका छन् । यस पालिकामा बालअधिकार समिति ७ वटै वडामा क्रियाशिल छन् जसले बाल बिबाह अन्त्यको लागि निकै प्रभाबकारी भूमिका निर्वाह गर्न सक्छन । पालिका महिला बालबालिका तथा जेष्ठनागरिक शाखाले पालिकामा काम गर्ने सबै संस्थाहरु संग समन्वयकारी भूमिका खेल्दै यो अभियानलाई सार्थक बनाउन काम गरि रहेको छ । आफ्ना बार्षिक कार्यकर्ममा पनि बाल बिबाह अन्त्य लाई प्रथामिकता राखी काम गरिरहेको छ । गाउँपालिका न्यायिक समितिले पनि कानुनी सचेतनाको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने छन् । यस रणनीति लाई सफलपार्न सबै पक्षको सहयोग तथा योगदान आवश्यक छ । यस रणनीति लाई सफलपार्न सबै पक्षको सहयोग तथा योगदान आवश्यक छ साथै यस रणनीतिले तलका बस्ति तथा टोलहरुलाई लक्षित गरि आफ्ना कार्यक्रम अगाडी बढाउने कुरामा जोड दिएको छ ।

| वडा | बढी जोखिममा रहेका बस्ति तथा टोलहरु | प्राथमिकीकरण नं |
|---|---|---|
| १ | रनाडा, कोट देवल | ६ |
| २ | बाडेगाउँ, तुति, धनातोली | ४ |
| ३ | धामीगाउँ, सेरागडादा, भण्डारी गाउँ | ५ |
| ४ | आग्रा | ७ |
| ५ | द्वारी किनाड़ा | ३ |
| ६ | मिलन टोल, रिलु, झाडगाउँ, रोकायावाडा | १ |
| ७ | ठकुन्ना, दया, लटौन, | २ |

**५. रणनीतिको औचित्य :**

बालविवाहले लैंगिक समानता मानव अधिकारको रक्षा र दिगो बिकास प्रबर्धनको कार्यमा निकै चुनौती सिर्जना गरिरहेको छ । यस सवाललाई दिगो रुपमा सम्बोधन गर्न मष्टा गाउँपालिकाले यो बालबिबाह अन्त्यको लागि स्थानीय रणनीति र कार्य योजना २०८१ निर्माण गर्न आवस्यक ठानी सर्बपक्षीय सहभागिता र संलग्नतामा यो रणनीति तयार परिएको छ । बाल विवाह अन्त्य गर्नको लागि स्थानिय नीति निर्माणको औचित्य धेरै महत्त्वपूर्ण छ, किनकि यसले समाजमा गहिरो रूपमा रहेको समस्याको समाधान गर्ने प्रभावकारी उपाय प्रदान गर्दछ । बाल विवाहलाई अन्त्य गर्न उचित रणनीतिहरु तय गर्नु निकै महत्वपूर्ण छ । बाल विवाह एउटा गम्भीर सामाजिक समस्या हो जसले व्यक्तिगत, पारिवारिक, र समग्र समाजको विकासमा बाधा पुऱ्याउँछ। यस समस्याको अन्त्यका लागि स्पष्ट रणनीति आवश्यक छ, जसको औचित्य यस प्रकार रहेको छ ।

- **बालबालिकाको अधिकारको संरक्षण** : बाल विवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य, र व्यक्तिगत विकासको अवसरलाई सीमित गर्छ। बालबालिकाले बाल्यकालमा शिक्षा, खेलकुद, र व्यक्तिगत अनुभवबाट सिक्ने अधिकार पाउनु पर्छ, जुन बाल विवाहले खोस्छ।
- **शिक्षामा पहुँचको सुनिश्चितता** : बाल विवाहले विशेष गरी बालिकालाई विद्यालय छोड्न बाध्य बनाउँछ। यसले शिक्षाको स्तर घटाउँछ र उनीहरूको आर्थिक आत्मनिर्भरता तथा सशक्तिकरणमा अवरोध गर्छ। रणनीतिले शिक्षामा पहुँच बढाउन मद्दत पुऱ्याउँछ।

- **स्वास्थ्य र जनसंख्या व्यवस्थापन :** कम उमेरमा विवाहले किशोरी आमाहरूको स्वास्थ्यमा गम्भीर समस्या निम्त्याउँछ, जस्तै मातृत्व मृत्यु दर र नवजात शिशु मृत्यु दर। बाल विवाह अन्त्यले किशोरीको स्वास्थ्य सुधार्न र जनसंख्या व्यवस्थापनमा योगदान दिन्छ।
- **आर्थिक विकासमा योगदान :** बाल विवाह रोक्नाले बालबालिकाको सीप विकास र रोजगारीका अवसरहरूमा सुधार ल्याउन सहयोग पुऱ्याउँछ। यसले परिवार र समाजको आर्थिक अवस्था बलियो बनाउन मद्दत गर्दछ।
- **सामाजिक न्याय र लैङ्गिक समानता प्रवर्द्धन :** बाल विवाह प्रायः लैङ्गिक असमानतासँग सम्बन्धित हुन्छ। यसलाई अन्त्य गर्दा समाजमा महिलाहरूको भूमिका र अवसर बढ्छ, जसले लैङ्गिक समानता प्रवर्द्धन गर्छ।
- **कानूनी र अन्तर्राष्ट्रिय प्रतिबद्धताको पालनाः** नेपालको कानुन र अन्तर्राष्ट्रिय सन्धिहरूले २० वर्षभन्दा कम उमेरमा विवाहलाई गैरकानूनी घोषित गरेका छन्। बाल विवाह अन्त्य रणनीति लागू गर्नुले यी कानुनी प्रावधानको पालना गर्न र गाउँपालिकालाई उत्तरदायी बनाउन मद्दत गर्छ।
- **समाजमा सकारात्मक परिवर्तनको सुरुवातः** रणनीतिले समुदायमा जनचेतना जगाएर बाल विवाहका हानिकारक पक्षबारे जानकारी दिन्छ। यसले दीर्घकालीन रूपमा सामाजिक परिवर्तन र सांस्कृतिक सुधारको वातावरण तयार गर्छ।

समग्रमा बाल विवाह अन्त्य रणनीति मष्टा गाउँपालिकाको दीगो विकासका लागि अत्यन्त महत्वपूर्ण छ। यसले बालबालिकाको अधिकार सुरक्षित गर्दै समग्र समुदायको आर्थिक, सामाजिक, र सांस्कृतिक उन्नतिमा योगदान पुऱ्याउनेछ। वाल विवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुंदा सरकारका सम्बध्द निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं वालवालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरुवीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने र प्रतिबध्दता सहितको कार्ययोजनाको आवश्यकताको आधारमा यो रणनीति तय गरियको छ साथै नेपाल सरकारले दिगो बिकास लक्ष्य अनुरुप सबै गाउँपालिकालाई २०८७ साल सम्ममा बालमैत्री स्थानीय तह बनाउने र बालविवाहलाई न्युनीकरण गर्ने योजना रहेको छ । त्यसैले बाल बिबाह अन्त्य रणनीति निर्माण गरि यस समस्याको दिगो समाधानका लागि यस योजनाको आवस्यकता रहेको छ ।

**६. रणनीतिका सिद्धान्तहरु :**

बाल विवाह अन्त्य गर्नका लागि विभिन्न सैद्धान्तिक आधारहरुमा आधारित रणनीतिहरू तयार गरिएका छन्। यी सिद्धान्तहरूले बाल विवाहको समस्याको समग्र कारणहरूलाई सम्बोधन गर्दै प्रभावकारी समाधानहरू प्रदान गर्छन्। यस रणनीतिमा बाल विवाह अन्त्य रणनीतिको मुख्य सिद्धान्तहरूको रुपमा निम्न कुराहरु समेटिएको छन् ।

- **बालबालिकाको सर्वोत्तम हित:** बालबालिकाको विषयमा कुनैपनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।
- **बाल बचाउ र विकासः** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।
- **बालसंरक्षणः** बाल विवाह, बेचविखन तथा ओसारपसार, बाँधा बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुव्र्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ । ।
- **समानताको अधिकार:** प्रत्येक बालबालिकालाई उसको लिंग, धर्म, उमेर, जातीयता, सामाजिक–आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ ।
- **अर्थपूर्ण सहभागिताः** बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वताअनुरुप उनीहरूको कुरा सुन्ने र आफ्नो बिचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रकृयामा सहभागिता बृद्धि भई उनीहरूको महत्व बढाउन योगदान पुग्छ

- **राज्यको दायित्वः** नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६—२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघनको कारकतत्वको रुपमा रहेको बाल विवाह को रोकथाम तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था रहेको छ ।

यो रणनीति उल्लेखित रणनीतिका सिद्धान्तहरु केन्द्रित भएर कार्य गर्दछ ।

**७.रणनीति तर्जुमा प्रक्रिया**

नेपाल सरकारको बालविवाह अन्त्यका लागि निर्माण गरेको राष्ट्रिय रणनिति अनुसार यस गाउँपालिकाले बाल विवाह अन्त्य गर्नकालागि स्थानीय रणनीति २०८१ तयार गरेको छ । जसका लागि स्थानियतहमा सरोकारवाला निकायहरुको सहभागितामा विभिन्न ४ चरणमा छलफल गरि तयार पारिएको मस्यौदालाई पृष्ठपोषण गरि अन्तिम रुप दिइएको छ । स्थानीय तहमा वालविवाह न्यूनिकरण गर्न हालसम्म भएका विभिन्न प्रयास र उपलब्धिहरुको खोज तथा अनुसन्धान गरि तथ्यपरक रुपमा यस रणनीति तर्जुमा गरिएको छ । रणनीति तयार गर्दा गाउँकार्यपालिका र वडासमिति तथा गाउँपालिका स्थित विषयगत शाखाहरु र स्थानिय बालअधिकार समितिले बालविवाह न्यूनिकरणकालागि विगतमा गरेका अभ्यास र समुदायका विभिन्न तहका समाजसेवी, स्थानीय बुद्धिजीवि, राजनितिज्ञ सहित जनप्रतिनिधिको सुझावलाई आत्मसाथ गरि यो रणनीति तयार पारिएको छ । यसका साथै केही मुख्य सुचनादाता संगको अन्तवार्ता र लक्षित समुह छलफलबाट आएका सल्लाह तथा सुझावहरुलाई समेत यस रणनीतिमा समेटिएको छ । यो रणनीति तयार पार्न तपशिलको प्रक्रिया अपनाइएको थियो ।

- गाउँपालिकास्तरका सरोकारवालाहरु सरलिकृत गरि रणनीति मस्यौदाको लागि स्वतन्त्र परामर्शदाता छनौट तथा परिचालन
- सरोकारवाला निकायहरु (कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुख, बाल समूह, स्थानीय प्रहरी निकाय, एनफसीसी र युयनएफपिए लगायतका प्रतिनिधिहरुको सक्रिय सहभागितामा प्रारम्भिक कार्यशाला गोष्ठी, अन्तक्रिया तथा छलफल
- बाल समुह, बाल अधिकार समिति र लक्षित समूहसँग छलफल र अन्तक्रिया संचालन ।
- प्रारम्भिक गोष्ठीमा गाउँपालिका क्षेत्रमा बालविवाह हुनुका मुख्य कारण, न्यूनीकरणका उपायहरुको आवश्यक कार्ययोजनाको बारेमा छलफल ।
- बालविवाह रणनीतिका उद्देश्यहरुको पहिचान गरी स्रोत र कार्ययोजना तयार साथै सरोकारवाला निकायको भूमिका र जिम्मेवारी बाडँफाँड ।
- गाउँपालिका क्षेत्रभित्रका सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी बालविवाह न्यूनीकरण रणनीति प्रारम्भिक मस्यौदा लेखन र गाउँपालिका स्तरका सरोकारवालाहरु बिच मस्यौदा पेश र छलफल । नीतिगत कानूनी तथा अन्य सल्लाह सुझाव संकलन ।
- गाउँपालिका स्तरको रणनीति मस्यौदा कार्यपालिकामा पेस तथा छलफल गरी बालविवाह न्यूनीकरण रणनीति २०८१ पारित गरि लागु ।

नेपालले बाल अधिकार तथा बाल संरक्षणका लागि अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता तथा संवैधानिक र कानुनी व्यवस्थाहरु, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले राखेको लक्ष्य हासिल गर्न र मष्टा गाउँपालिकाले गरेको प्रतिवद्धतालाई मध्यनजर गर्दै गाउँपालिकालाई बालविवाह मुक्त बनाउनका लागि बालविवाहको अन्त्य गर्ने प्रतिवद्धताका साथ यो रणनीति तयार गरी मिति २०८१/०९/०६ लागू गरिएको छ ।

**८.रणनीतिको दुरदृष्टि :** यस रणनीतिले बालमैत्री तथा लैंगिक समतामुलक समाज समाज निर्माणको परिकल्पना गर्दै मष्टा गाउँपालिका सरोकारवालाहरुले **"बाल विवाह मुक्त मष्टा गाउँ पालिका निर्माण गर्ने"** परिकल्पना तय गरेका छन् ।

**९. रणनीतिको ध्येय :** लैगिंक समानतामुलक समाजको स्थापनाकालागि बालबालिकाहरुको सशक्तिकरण मार्फत वाल अधिकारको सुनिश्चितता गर्ने ।

**१०.रणनीतिको लक्ष्य :** मष्टा गाउँपालिकालाई सन् २०८३ साल सम्ममा बाल विवाह मुक्त गाउँपालिका बनाउने ।

**११. रणनीतिका उद्देश्यहरु :**

**उद्देश्य १.** वालविवाह र हानीकारक परम्परागत प्रचलन विरुद्ध शिक्षा सचेतना लगायतका प्रवर्द्धनात्मक उपायद्वारा वालविवाहका जोखिममा रहेका समुदायका किशोरकिशोरीहरुको शसक्तिकरण गर्ने ।

**उद्देश्य २.** बाल विवाह हुन नदिन समुदायमा आधारित समुदाय निगरानी प्रणालीलाई सुदृढ वनाउने ।

**उद्देश्य ३.** समुदायमा वालविवाह निषेध गर्ने विद्यमान कानूनको कार्यान्वयन तथा परिपालनमा जोड दिइ कानुनी कार्वाहीलाई प्रभावकारी वनाउने ।

**उद्देश्य ४.** वालविवाहवाट प्रभावित एवंम् वालविवाहको जोखिममा रहेका वालवालिकाहरु विशेष गरि वालिकाहरुको संरक्षण गर्दै उनीहरुकोलागि लक्षित सेवा, सुविधा तथा अवसरहरुमा सरल र सजह पहुँचको सुनिश्चितता गर्ने ।

**उद्देश्य ५.** पालिकाको आवधिक योजना, बार्षिक योजना तथा कार्यक्रहरुमा हानीकारक प्रचलन विरुद्धका कार्यक्रमहरु प्राथमिताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**१२. रणनीति तथा कार्यनीति :** बालविवाह कमि ल्याउँदै यसको अन्त्यका लागि देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

**क) बालिका र किशोरीको सशक्तीकरण :**

- बालिका किशोरी सशक्तीकरणका लागि क्षमता अभिबृद्धि  कार्यक्रमहरु संचालन गर्ने ।
- विधालयमा अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरू सँग छलफल गरी स्वःनिर्णय गर्ने क्षमता र सीपको बिकास गर्ने ।
- समुदाय तथा बिद्यालयमा रुपान्तरण कक्षा, अतिरिक्त क्रियाकलाप र बालक्लब परिचालनको माध्यमबाट यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानुनी सहयोगमा पहुंच बढाउने ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि सामाजिक तथा आर्थिक अवसरहरूको सृजना गरी उनीहरूको पहुंच सुनिश्चित गर्ने ।
- बाल विवाह विरुद्ध सामुहिक पहलका लागि बालिकालाई समूह निर्माण गर्न वा विद्यमान समूह तथा बाल क्लबमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने ।
- बालिकाहरुको लागि जीवनउपयोगी सीप र वित्तिय साक्षरता तालिम तथा गतिविधिहरुमा संलग्नता बढाउने ।
- महिला रोजगारीका लागि क्षमता विकास कार्यक्रमहरु संचालनमा ल्याउने । जस्तैः लोक सेवा तयारी कक्षा, महिला रोजगार सुचना केन्द्र, छोटो अवधिका रोजगार मुलक तालिमहरु संचालन गर्ने।
- किशोरीहरुका लागि भविष्य छनौट कार्यक्रम संचालन गर्ने । जस्तै सुदुरपश्चिम प्रदेश सरकारको सानै छु म बढ्न देउ बाल विवाह होईन पढ्न देउ कार्यक्रम विस्तारका लागि अनुरोध गर्ने ।

**ख) बालिका र किशोरीहरुको लागि गुणस्तरिय शिक्षा सुनिश्चित गर्ने:**

- विद्यालयहरूमा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने ।
- बाल बिबाहको असर र रोकथाम सम्बन्धि बिषय बस्तु स्थानीय पाठ्यक्रममा समावेश गरि लागु गर्ने ।

- बालबालिकाहरुका लागि निरन्तर सिकाई वृद्धिका गतिवधिहरु संचालन गर्ने जस्तै बिद्यालय स्तरमा उपचारात्मक कक्षाहरु, व्यवसायीक र सीपमुलक पहुँच वृद्धि गर्ने ।
- छात्रवृति सहित निशुल्क उच्चशिक्षाको व्यवस्था गरिने छ ।
- विद्यालयबाहिरका, विवाहित र अविवाहित तथा अवसरविहीन बालिकाहरू र उनीहरूका परिवारलाई बिभिन्न सुविधाहरू (माध्यमिक तह र उच्च शिक्षाको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) पहुँच वृद्धि गर्दै विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने ।
- विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने ।
- भविष्यमा जीवन वृत्तिका लागि आवश्यक पेसा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।
- विद्यालयमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने ।
- विद्यालयमा शिक्षिकाहरूको संख्या बढाउने तथा विद्यालयको व्यवस्थापन र व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध जनचेतनामूलक अभियान संचालन गर्ने ।
- छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने ।
- बाल विवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।
- विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।
- विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत यौनिकता शिक्षा र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने ।
- विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिबृद्धि गरी परिचालन गर्ने ।
- बालबालिकालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सूचना तथा सेवा वारे सुसूचीत गर्न स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने ।
- बिद्यालयमा गुनासो पेटिकाको ब्यवस्था गर्ने लैगिक समन्वय तथा सम्पर्क व्यक्ति तोक्ने र बालबालिकाहरुका गुनासोहरुको सुनुवाई गर्ने प्रणाली प्रभावकारी बनाउने ।
- विधालयमा बाल मैत्री शिक्षण सिकाई वातावरण निर्माणका लागि कार्य गर्ने, स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा र परामर्श सेवा विस्तार गर्ने ।
- शैक्षिक सुधारका लागि संयुक्त अनुगमन अभ्यासहरुको थालनी गर्ने ।

**ग) बालक, किशोर तथा पुरुषहरूको सहभागिता :**

- बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा सचेतना अभिबृद्धि गरी बाल विवाह , लैङ्गिक बिभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने ।

- सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बाल विवाह विरुद्धमा विद्यमान कानूनी पक्ष र बाल विवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूको बारे जनमत सृजना गर्ने ।
- बालबालिकाहरूलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वःनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।
- बाल विवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बाल विवाह मा सहभागी हुने, छाउपडी प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्ने सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने ।
- बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सकृय सहभागिता सुनिश्चित गर्ने ।
- बाल विवाहबाट सृजित लैङ्गिक हिंसाको विरुद्धमा पुरुष तथा बालकहरूमा कानुनी सचेतना अभिबृद्धि गर्ने ।
- बालबालिका शसक्तिकरणका लागि बालिका संग उपाध्यक्ष र बालक संग अध्यक्ष जस्ता विशेष कार्यक्रम संचालन गर्ने ।

**घ) परिवार र समुदायको परिचालन गर्ने:**

- समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बाल विवाह बिरुद्धको अभियान संचालन गर्ने ।
- सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञानसीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमवाट बाल विवाह निषेध गर्न प्रोत्साहन गर्ने ।
- सामाजिक संजालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाक्रीको सहभागिता सुनिश्चित गरी बाल विवाहका विरुद्धमा परिचालन गर्ने ।
- छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बाल विवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको बिषयको रुपमा स्वीकार गरी "बाल विवाह मुक्त वडा तथा स्थानीय तह" को अभियान संचालन गर्ने ।
- गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रर्वद्धन र क्षमतामा अभिवृद्धि गर्ने ।
- बाल विवाह नगर्ने अनुकरणीय व्यक्ति, परिवार, र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।
- बाल विवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न संचार माध्यम र संजाल मार्फत प्रसारण गरी बाल बिवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।

**ङ) सेवा प्रवाह:**

- पालिकामा रहेको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखालाई बजेट तथा कार्यक्रम सहित प्रभावकारी र पुर्ण रुपमा संचालनमा ल्याउने ।
- बाल विवाह को जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने ।
- किशोरकिशोरीमैत्री यौन तथा प्रजननस्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोग रोकथाम तथा उपचार सम्बन्धी सेवामा विवाहित तथा बाल विवाह को जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।

- बाल विवाह, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानुनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणालीको विकास गर्ने ।
- पारीवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार  गर्न बालिकालाई जीवनोपयोगी सीप, आय आर्जन सम्बन्धी ज्ञानसीप र निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।
- बाल बिवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रुपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, वडापालिकाको कार्यालय, बालक्लब, युवा सञ्जाल जस्ता बालअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीयस्तरमा कार्यरत सरकारी तथा गैर सरकारी निकायहरूका कार्यक्रमहरूमा बाल विवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।
- स्थानीय निकायमा बाल विवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने ।
- पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिबृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिबृद्धि गरी परिचालन गर्ने ।
- विवाह भैसकेका बालिका, बालविधुवाका आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू संकलन गरी सफल अभ्यासहरूको प्रर्वद्धन तथा विस्तार गर्ने ।
- वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार कानुनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

**च) कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन :**

- विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सुझावहरुको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- बालिका र महिलाको सशक्तिकरणको लागि महिला हिंसा  विरुद्धका  स्थानिय स्तरमा निति तथा कार्यबिधि तयार गर्ने ।
- गाउँपालिकामा गठित न्यायिक समितिका पदाधिकारीहरूलाई बाल विवाह विरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने ।
- विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजांय तथा बाल विवाह विरुद्ध उपलव्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने ।
- कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरु पहिचान गरी सो निर्मूलन गर्न आवश्यक पहल गर्ने ।
- बाल विवाह भएको अवस्थामा विवाह खारेज गर्न चाहनेहरूको लागि आवश्यक कानुनी हक र उपचारमा पहुँचका साथै क्षतिपूर्तिको  सुनिश्चित गर्ने ।
- गाउँपालिकामा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच समन्वय गरी विवाहित र अविवाहित बालबालिकाहरू विशेष गरी विद्यालय बाहिर रहेका बालिका र तिनका परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी पहुँच सुनिश्चित गर्ने ।

- बाल विवाह गरेमा वडा गाउँपालिकाबाट दिने सेवा, सुविधा, सिफारिसमा रोक लगाइने छ ।
- विद्यालय छोडेका १८ वर्ष भन्दा माथिका किशोर किशोरीहरुको लागि स्वरोजगार र सिप विकास कार्यक्रम दिने ।
- छोराछोरीले बाल विवाह गरेमा निजका अभिभावकलाई राजनीति र अन्य सामाजिक समितिमा अयोग्य मानिने छ ।
- आमा समुहको वैठकमा बाल विवाह विरुद्धको अभियानमा सक्रियता वृद्धि गर्न अन्तरक्रिया र रणनीतिको सम्बन्धमा समिक्षा गरिने छ ।
- बालविवाह गर्दिन भनेर बालबालिकाको व्यक्तिगत तथा सामूहिक प्रतिबद्धता लिने कार्यमा स्थानीय बालक्लवहरुको परिचालन गरिनेछ ।
- हरेक बालबालिकालाई जीवनको लक्ष्य निर्धारण गरी गुणस्तरिय शिक्षाको लागि प्रोत्साहन गरिनेछ ।
- बाल विवाहमा सहभागि नहुने नीतिलाई कडाइका साथ लागु गरिनेछ ।
- बाल विवाह अन्त्य सम्बन्धी रणनीति प्रत्येक परिवारलाई घरमा गई पढीवाची सुनाएर हस्ताक्षर सहितको प्रतिवद्धता गरिनेछ ।
- बालअधिकार कोष स्थापना गरि जोखिममा रहेका तथा विपन्न परिवारका बालबालिकाहरुलाई आवश्यक सहयोग प्रदान गर्ने ।

हरेक सार्बजनिक कार्यक्रमहरुमा जनप्रतिनिधिद्वारा बाल बिबाह बिरुध्द सामुहिक प्रतिबद्ता गराउने ।

**१३. रणनीतिका अपेक्षित उपलब्धिहरु**

- बालविवाह अन्त्यका लागि आवश्यक निति, रणनिति र निर्देशिकाहरु निर्माण भई विस्तृत कार्य योजना सहित गाउँपालिका कार्यान्वयनमा केन्द्रित भएको हुनेछन् ।
- बालबालिकाहरुको आधारभुत आवश्यकताहरु (शिक्षा स्वास्थ्य)को गुणस्तरहरुमा सुधार हुनुका साथै पहुँच वृद्धि भई बालविवाह बार्षिक रुपमा १० प्रतिशतले कमि भई यो रणनितिक योजना अवधिमा बाल विवाह अन्त्य भएको हुनेछ ।
- घरपरिवार, विद्यालय, समुदायमा बालबालिकाको अधिकार तथा सो सम्बन्धमा वहन गरिनुपर्ने उत्तरदायित्वबारे सचेतनाको स्तरमा अभिवृद्धि भई बालबालिकाहरुलाई गरिने व्यवहारमा सुधार भएको हुनेछ ।
- बालबालिकासँग प्रत्यक्ष सम्बन्धित सरकारी निकायहरू र गैरसरकारी संघसंस्था बीच समन्वय, सहकार्य बढाई बालबालिकाका अधिकारको प्रत्याभूति तथा सेवाको प्रभावकारितामा अभिवृद्धि भएको हुनेछ ।
- विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बाल समुह वा बाल अधिकार समितिबाट स्वीकृति वा सिफारिस लिएर मात्र विवाह गर्ने परिपाटी कायम भएको हुनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा किशोरी समूह र बाल क्लब तथा संजाल गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरु संचालनमा क्रियाशिल रहेका हुनेछन् ।
- समुदायमा बालविवाह निगरानी समूहहरुको गठन भई बालविवाह न्यूनिकरणका लागि क्रियाशिल भएको हुनेछन् ।
- स्थानीय स्तरमा गठित टोल स्तरिय, वडा स्तरिय र विद्यालय स्तरिय बाल क्लब, संजाललाई परिचालन गरिएको हुनेछ ।

**१४. अनुगमन र मूल्यांकन :**

यस रणनीति र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि पालिकाले देहाए बमोजिमको व्यबस्था गरिने छ ।

- पालिकाबाट स्वीकृत अनुगमन निर्देशिका बमोजिम बाल बिबाह अन्त्यको लागि संचालित कार्यक्रमको अनुगमन गर्ने ।

- नतिजामा आधारित व्यबस्थापन प्रणाली लाई आधार बनाई अनुगमन ढाचा निर्माण गरि आवश्यक जनशक्ति सहित अनुगमनको सुनिश्चिता गर्ने ।
- बाल विवाह र लैगिक हिंसा नियन्त्रण सम्बन्धि खण्डीकृत तथ्यांक संकलन गर्नको लागि पालिका शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखाको अगुवाइमा लैंगिक उत्तरदायी अनुगमन मुल्यांकन संयन्त्रको स्थापना गर्ने ।
- रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न सहयोगी भूमिकामा रहेका निकाय तथा संस्थाहरुलाई अभिमुखीकरण गरि एउटा खाकामा प्रतिबेदन तयारपारि पेश गर्ने परिपाटी बसाल्ने ।
- बाल बिबाह प्रभावित प्रति हुनुपर्ने सामाजिक तथा पारिवारिक संरक्षण र सहायताबारे वडा कार्यालयको समन्वय र जवाफदेहितामा अनुगमन तथा मुल्यांकन प्रणाली स्थापित गर्ने निर्देशिका बनाउने र सरोकारवाला लाई सुसुचित गर्ने ।
- रणनीति तथा कार्ययोजनाको कार्यान्वयन तथा प्रभावकारिताबारे स्वतन्त्र रुपमा अनुगमन गरि कार्ययोजना अध्यबधि गर्ने र प्राप्त सुझाबको आधारमा रणनीतिमा सुधार गर्ने ।
- बार्षिक रुपमा बाल बिबाह अन्त्यको लागि पालिकामा भएका प्रयासहरुको प्रतिबेदन तयार परि प्रकाशित गर्ने ।
- नियमित अनुगमन को लागि संरचना निर्माण गरि कार्यान्वयन गर्ने ।

**१५. संस्थागत संरचना**

बाल बिवाहको अन्त्य गर्ने यो रणनितिलाई कार्यान्वयनमा यस गाउँपालिकाले नेतृत्वदायी भूमिका निर्वाहगर्नेछ र रणनीति कार्यान्वयनको लागि गाउँपालिका स्तरमा कार्ययोजना तयार गरिनेछ । रणनीति तथा कार्ययोजनाको कार्यान्वयन, सरोकारवाला सरकारी,स्थानीयस्तरका विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसंगको समन्वय एवं अनुगमन तथा मूल्यांकनको लागि देहायअनुसारको गाउँपालिका तथा वडा स्तरमा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ । भने रणनितिको बार्षिक रुपमा समिक्षा गर्ने र अध्यावधि गराउँदै लगिने छ ।

| **क. गाउँपालिका स्तरमा** | **ख. वडा स्तरमा** |
|---|---|
| १. गाउँ पालिकाको उपाध्यक्ष-संयोजक<br>२. प्रमुख प्रशासकीय अधिकृत-सदस्य<br>३. प्रतिनिधि, शिक्षा क्षेत्र हेर्ने-सदस्य<br>४. प्रतिनिधि, स्वास्थ्य क्षेत्र हेर्ने-सदस्य<br>५. प्रतिनिधि, स्थानिय प्रहरी (चौकी,कार्यालय)-सदस्य<br>६. अध्यक्ष, गाउँपालिका स्तरीय बालसंजाल-सदस्य<br>७. बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय, संघ, संस्था र संजालका प्रतिनिधि- सदस्य<br>८. प्रतिनिधी, गाउँपालिका स्तरीय वडा बालअधिकार समिति- सदस्य | १. वडा अध्यक्ष-संयोजक<br>२. शिक्षक प्रतिनिधि- सदस्य<br>३. वडामा रहेको स्वास्थ्य संस्थाको प्रतिनिधी-सदस्य<br>४. स्वास्थ्य स्वयंसेविका-सदस्य<br>५.प्रतिनिधि महिला सदस्य (वडापालिका)-सदस्य<br>६. बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय, संघ, संस्था र संजालका प्रतिनिधि- सदस्य<br>७. प्रतिनिधी, वडास्तरीय बालअधिकार समिति- सदस्य<br>८. वडा बालसञ्जालका प्रतिनिधि २ जना (बालक बालिका)-सदस्य |

| | |
|---|---|
| ९. महिला, जेष्ठनागरिक तथा बालबालिका शाखा-सदस्य–सचिव | ९. वडा सचिव- सदस्य–सचिव |

**ग. गाउँपालिका तथा वडास्तरको कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्यांकन समितिको काम कर्तव्य र अधिकार :**

| पालिकस्तरको अनुगमन समिति | वडा स्तरको अनुगमन समिति |
|---|---|
| १, रणनीति तथा कार्ययोजनामा रहेका बाल विबाह विरुद्धका कार्यक्रमहरुलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी सम्बन्धित निकायमा पेश गर्ने र कार्यान्वयन गर्ने ।<br>२. पालिकास्तरमा विभिन्न संघ-संस्थाहरू, सरकारी निकाय, र समुदायका सरोकारवालासँग मिलेर समन्वय गर्ने र सहकार्य गर्दै बाल विवाह न्यूनीकरणका गतिविधिहरू सञ्चालन गर्ने।<br>३. बाल विवाह विरुद्धका कार्यक्रमलाई संचालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक काम गर्ने ।<br>४. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण सहित सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।<br>५. बाल विवाह अन्त्यक सुचकहरुको आधारमा बस्ती, टोल, वडा र पालिकालाई बालविवाह मुक्त क्षेत्र घोषणाका लागि सिफारिस गर्ने । | १. रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागी सहयोग गर्ने ।<br>२. सुचकको आधारमा बस्ति तथा टोल बालबिबाह मुक्त घोषणा गर्ने ।<br>३. बाल क्लब, युवा क्लब, किशोरी संजाल र महिला समूह तथा अन्य सरोकारवाला हरुको सहभगिता मा निगरानी समुह निर्माण तथा परिचालन गर्ने ।<br>४.विभिन्न स्थानीय निकाय, संघ-संस्थाहरू, र समुदायका प्रतिनिधिहरूसँग समन्वय गर्दै कार्यक्रमहरूको सफल कार्यान्वयन सुनिश्चित गर्ने।<br>५. आवश्यक स्रोत र साधनहरूको व्यवस्थापन गरी कार्यक्रमलाई प्रभावकारी बनाउने। |

**घ. समितिको बैठक :**

१. कम्तिमा २ महिनामा एक पटक वस्नेछ ।

२. समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रितको रुपमा बोलाउन सकिनेछ ।

३. बाल विवाह मुक्त बस्ति,टोल वडा र पालिका घोषणा को लागि अनुगमन गर्ने घोषणा गर्ने गराउने ।

**ङ. बालविवाह मुक्त क्षेत्र घोषणा प्रक्रियाका तहगत खुट्किलाहरु :**

१. बालविवाह अन्त्यका लागि बनेको स्थानीय रणनीतिको अवधारणा, उद्देश्य, लक्ष्य, कार्यान्वयनमा विभिन्न पक्षहरुको भूमिका तथा सहयोग सम्बन्धी अभिमुखिकरण तथा छलफल ।

२. सरोकारवाला पक्षहरुबाट बालविवाह अन्त्यका लागि एकजुट भएर लाग्ने प्रतिबद्धता घोषणा ।

३. स्थानीयस्तरमा बालसंरक्षण तथा बालविवाह न्युनिकरणका लागि संयन्त्रहरु विस्तार, सबलीकरण र परिचालन ।

४. बालविवाह न्युनिकरणका लागि आवधिक तथा वार्षिक योजना कार्ययोजना तर्जुमा तथा कार्यान्वयन ।

५. बाल समुह, किशोरी समूह र बाल अधिकार समितिहरुको अगुवाईमा बालविवाह विरुद्धका व्यापक अभियानहरु संचालन ।

६. बालविवाह अन्त्यका लागि ऐक्यवद्धता, व्यवहारिक सचेतना र सहयोगका लागि हस्ताक्षर संकलन अभियान संचालन ।

७. अनुगमन, समीक्षा, मूल्याङ्कन र बालविवाह सम्बन्धी स्थिति पत्र तर्जुमा र सार्वजनिकीकरण ।

८.बाल क्लब, किशोरी समूहको अगुवाईमा बालविवाह मुक्त विद्यालय टोल बस्ति घोषणा ।

९.बालविवाह मुक्त गाउँ टोल, वडा र गाउँपालिका घोषणा र यसको निरन्तरता ।

**च. बाल विवाह मुक्त क्षेत्र घोषणाका सुचकहरु:**

१.यो रणनीति लागू भए पश्चात बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने वर्षमा २० वर्ष भन्दा मुनिका विवाहको संख्या शुन्य अवस्थामा रहेको हुनु पर्नेछ ।

२. विद्यालय तथा समुदायस्तरमा बाल अधिकार तथा बाल संरक्षणका सवालहरुमा वकालत गर्ने बाल क्लब र किशोरीहरुको समुह योजनाबद्ध रुपमा सक्रिय हुनु ।

३. समुदायस्तरमा बालविवाह अन्त्यका लागो निगरानी समूह गठन (बाल क्लब, किशोरी समुह, महिला संजालको सहभागितामा) भई सक्रिय (सम्भावित घटना पहिचान, पैरवी, रोक्नको लागि परामर्श र घटना घटिहालेको अवस्थामा उजुरी)रुपमा काम गर्दै आएका हुनु पर्नेछ ।

४. वडाको सार्वजनिक ठाँउमा बालविवाह विरुद्धका सचेतनामूलक सूचना संदेश बोर्डहरु राखिएको हुनु पर्नेछ ।

५. विवाह गर्ने व्यक्ति वा निजको परिवारले नजिकको बाल क्लब वा बाल अधिकार समितिबाट स्वीकृति वा सिफारिस लिएर मात्र विवाह गर्ने परिपाटी कायम भएको हुनेछ ।

६. नजिकको स्वास्थ्य संस्थाको तथ्यांक अनुसार बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने वर्षमा २१ वर्ष उमेर नपुग्दै बच्चा जन्माउने आमाहरुको संख्या शून्य रहको हुनु पर्नेछ ।

७. स्थानीय सरकारले (गाउँपालिका वा वडा कार्यालयहरु)वार्षिक रुपमा बालविवाह न्यूनिकरण शिर्षकमा बजेट बढोत्तरी गरि नियमित रुपमा कार्यक्रम गर्दै गरेको हुनुपर्नेछ ।

८. कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा किशोरी समुह गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरु संचालन गर्दै गरेको हनु पर्नेछ ।

९. १५–१८ वर्ष उमेर समूहका किशोर–किशोरीहरूको विद्यालय छोड्ने दर ५% भन्दा कम हुनु पर्ने छ ।

नोटः– माथि उल्लेखित सूचकहरु मध्ये ९० प्रतिशत सूचकहरु प्राप्त गरेको अवस्थामा बालविवाह मुक्त टोल, वडा र पालिका घोषणा गर्न सकिने छ ।

**१६. रणनीति कार्यान्वयनका लागी सरोकारवालाको भुमिका**

| सि.न. | निकाय | भूमिका |
|---|---|---|
| १ | स्वास्थ्य संस्था | ✓ स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा आवश्यकतानुसार बाल विवाह र स–सानो उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्रमहरू समावेश गर्ने ।<br>✓ बाल विवाहको विरुद्धको विषय किशोरकिशोरीमैत्री स्वास्थ सेवा कार्यक्रमसँग एकीकृत गर्ने । |
| २ | शिक्षा शाखा तथा | ✓ विवाह विरुद्ध र वाल विबाहले पुयाउने हानिका विषयका कार्यक्रमहरु विद्यालय एवं यसको जोखिममा रहेका समुदायसम्म पुर्याउने । |

| | | |
|---|---|---|
| | बिद्यालयहरु | ✓ बाल विवाहको जोखिममा परेका बालबालिका, विद्यालय बाहिरका बालबालिका वा पहिले नै बाल विवाह भई विभिन्न जोखिममा परेका बालिकाहरूका लागि उपयुक्त शैक्षिक कार्यक्रम संचालन गर्ने । |
| ३ | प्रहरी कार्यालय | ✓ बाल विवाह रोकथाम वा निषेध गर्ने राष्ट्रिय कानूनको कार्यान्वयन गर्न र छाउपडी लगायत अन्य हानिकारक सामाजिक प्रथाको अन्त्य गर्न अन्तगतका निकायलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।<br>✓ विद्यमान नीति र कानुन अनुसार बाल विवाह गर्ने गराउने व्यक्तिहरूलाई कानुन बमोजिमको कारवाही गर्ने गराउने व्यवस्था सुनिश्चित गर्ने । |
| ४ | गाउँ पालिका तथा वडा कार्यालय | ✓ बाल बिबाह विरुद्धका कार्यक्रमहरुलाई स्थानीय वाल मैत्री शासन कार्यक्रममा एकीकरण गरी बाल विवाह विरुद्धको अभियानलाई स्थानीय बालमैत्री शासनको अभिन्न अंगको रुपमा विकास गर्ने ।<br>✓ स्थानीय विकास प्रक्रियामा किशोरकिशोरीको सार्थक सहभागिता वढाउने ।<br>✓ पञ्जिकरण कार्यलाई प्रभावकारी बनाउने ।<br>✓ बजेट व्यवस्थापन सहित प्रभावकारी कार्यक्रम संचालन गर्ने । |
| ५ | स्थानीय संचार माध्यम | ✓ बाल विवाहवाट बालिबालिकाको जीवनमा हुने नकारात्मक असर, विवाहको कानूनी उमेर, कानून उल्लंघन गर्दा हुने सजायका विषयका साथै बाल विवाह लाई नैतिक मूल्य र मान्यता विरुद्धको रुपमा आम नागरिकमा सचेतना गर्न आम संचारका माध्यमको परिचालन गर्ने । |
| ६ | नागरिक समाज | ✓ वाल विवाहका विरुद्धमा सामाजिक जागरण ल्याउन पैरवी र सचेतनाका कार्यक्रम संचालन गर्ने ।<br>✓ वाल विवाहको जोखिम रहेका क्षेत्रमा यस विरुद्धका कार्यक्रमहरु संचालन गर्ने ।<br>✓ वाल विवाहको अन्त्य गर्ने कार्यमा सरकार, साझेदार संस्थाहरु र निजी क्षेत्रसंग सहकार्य गर्ने । |
| ७ | स्थानीय गैरसरकारी संस्था | ✓ वाल विवाहका विरुद्धमा सामाजिक जागरण ल्याउनका कार्यक्रमहरु संचालन गर्ने ।<br>✓ समुदाय तथा वस्ती स्तरमा बालविवाह बढि भएका क्षेत्रको अवस्था पहिचान गरि टोल स्तरमा सचेतनामुलक कार्यक्रम संचालन गर्ने । |
| ८ | निजि क्षेत्र | ✓ यातायात व्यवसायी, उद्योग बाणिज्य संघ जस्ता नीजि व्यवसायी संघसंस्थाले बालविवाह भएको वा हुने सम्भावना देखेमा नजिकको प्रहरी चौकी वा सम्बन्धित परिवारलाई खबर गर्ने ।<br>✓ सार्वजनिक यातायातमा यात्रा गर्ने किशोर किशोरीको जोडी भए उमेरको अनुमान गरी वा संकास्पद देखिएमा नजिकको प्रहरी चौकीमा खबर गर्ने ।<br>✓ संकास्पद बालबालिकाको उमेर सोधेर मात्रै यात्रा गर्न अनुमति दिने ।<br>✓ बालविवाह गरी जोखिममा रहेका बालिकाहरुको राहत तथा पुनः स्थापनाका लागि सहयोग गर्ने । |
| ९ | निगरानी समुह | ✓ समुदाय तथा बिद्यालयहरुमा गठन भएका बाल क्लब र महिला संजालहरुको सहभागितामा निगरानी समुह गठन भई सम्भावित घटना पहिचान, पैरवी, रोक्नको लागि |

| | | |
|---|---|---|
| | | परामर्श र घटना घटिहालेको अवस्थामा उजुरी जस्ता कार्य गर्ने छन् । |

**१७. सहकार्य तथा समन्वय**

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनको लागि बाल बिबाह अन्त्यको लागी क्रियाशील सबै संस्था तथा समुह र नेटवर्क हरुको सहयोग लिईने छ । पालिकामा रहेका आमासमुह, बाल कल्ब, युवा कल्ब, किशोरी समुह, किशोर समुह, अगुवा ब्यक्ति दलित समुह संस्था, अपांगता भएका ब्यक्तिहरुका संस्था समुह बाल बिबाह बाट प्रभावित व्यक्ति तथा तिनका परिवारहरु लैंगिक तथा यौनिक अल्पसंख्यक, सिमान्तकृत समुदाय कानुन निर्माण तथा कार्यान्वयन गर्ने निकाय तथा संयन्त्र राजनीतक दल स्थानीय प्रहरी, स्वास्थ्य संस्था बिद्यालय, धर्मगुरु, नागरिक समाज, गैसस, निजि संस्था पेशागत संस्था तथा संजाल आदि बहुपक्षीय समन्वय तथा सहकार्यमा साझा अभियानको रुपमा हाम्रो साझा गन्तव्य २०३० सम्म बालबिबाहको अन्त्य भन्ने मूलमन्त्र अनुसार काम गरिने छ ।

**१८. स्रोत व्यवस्थापन :** यस रणनीतिक योजनामा समावेश भएका कार्य सम्पन्न गर्नका लागि देहायअनुसार श्रोत व्यवस्थापन कार्यनीतिहरु अवलम्बन गरिनेछ ।

- वडा कार्यालय, गाउँपालिका, सामाजिक संघसंस्थाहरूसँग विद्यमान सेवा तथा स्रोतहरूको सदुपयोग र प्रभावकारी परिचालनका निम्ति आवश्यक समन्वय, सहकार्य तथा अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ । वडा कार्यालय र गाउँपालिकाबाट संचालित बालबालिका लक्षित कार्यक्रम यसै अन्तर्गत समावेश रहनेछन् ।
- यस रणनीतिक योजनाको विभिन्न सवाल तथा कार्यक्रममा केन्द्रीत रही आफ्नो कार्यक्षेत्र भित्र पर्ने क्रियाकलापहरू स्वयं सचांलन गर्न प्रेरित गर्ने गरी सरकारी कार्यालय एवम् स्थानीय तह, गैरसरकारी संस्थालाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्नका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक संस्थाहरूलाई प्रोत्साहन गरिनेछ । यसको लागि वडा समिति तथा गाउँपालिकाले समन्वय र सहकार्यका लागि उपयुक्त वातावरण सृजना गरी यस रणनीतिक योजनाको लागि आवश्यक बजेट खर्च जुटाईनेछ । वडास्तरमा वडा बाल अधिकार समिति, समुदायस्तरको बाल अधिकार समिति, बाल समुह, किशोरी समूह, गैससको सहकार्यमा स्रोत परिचालन गरिनेछ ।

**१९. अनुमानित वजेट सहितको आगामी पाँच (५) वर्षे कार्ययोजनाः बालविवाह अन्त्यकालागि मष्टा गाउँपालिकाको अनुमानित बजेट सहितको आगामी पाँच (५) बर्षे कार्ययोजना (२०८०/८१-२०८५/८६)**

| कृयाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सीमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्याकंन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| **उद्देश्य १.** वालविवाह र हानीकारक परम्परागत प्रचलन विरुद्ध शिक्षा सचेतना लगायतका प्रवर्द्धनात्मक उपायद्वारा वालविवाहका जोखिममा रहेका समुदायका किशोरकिशोरीहरुको शसक्तिकरण गर्ने । | | | | | | | |
| बाल विवाह अन्त्यका लागि सम्भाब्य किशोर किशोरीहरुकालागि सामाजिक तथा वित्तिय सीप सम्बन्धि रुपान्तरण प्याकेज संचालन गर्ने | रुपान्तरण प्याकेज संचालन भएको हुने | उपस्थिति तथा फोटो | २०८१ चैत्र देखि नियमित | महिला वालवालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए र साझेदार संस्था | ७०० |
| किशोर किशोरीहरुको समूह गठन गरी बालविवाह विरुद्धको अभियान संञ्चालन गर्ने | बालविवाह विरुद्धको अभियान संञ्चालन नियमित हुने । | अभियानको उपस्थिति र फोटोहरु | २०८२ साल बैशाख देखि | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, वि.ब्य.स., पालिका अनुगमन समिति, | युएनएफपीए र साझेदार संस्था | ३५० |
| सबै विद्यालयहरुमा किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना गर्ने तथा भएकालाइ सुदृढीकरण गर्ने | किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना भएको हुने | अनुगमन प्रतिवेदन र विद्यालयको निर्णय | २०८२ असार | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, वि.ब्य.स. पालिका अनुगमन समिति, | युएनएफपीए र साझेदार संस्था | ७०० |
| बालविवाह विरुद्धका सचेतना कार्यक्रम संचालन गरी विद्यालय बाहिर रहेका किशोरकिशोरीहरु शसक्त गरी विद्यालय पुन: भर्ना गर्ने अभियान संञ्चालन गर्ने | बिद्यालयको खुद भर्नादरमा बृद्धि भएको हुने । | विद्यालयको भर्ना रजिष्टर को रेकर्ड | प्रत्येक आ व को बैशाख महिनामा | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, वि.ब्य.स., पालिका अनुगमन समिति, | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | ३५० |
| विद्यालय बाहिर रहेका किशोरकिशोरीहरुको तथ्याकं संकलन तथा पहिचान गरि उनिहरुको आवश्यकता अनुसार सीपमूलक तालीमहरु संचालन गर्ने | आवश्यकतामा आधारित सीपमूलक तालीमहरु संचालन भएको हुने । | तालिमको उपस्थिति र फोटोहरु | २०८१ साल भित्र | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, वि.ब्य.स. पालिका अनुगमन समिति, | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | ५०० |

| कृयाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सीमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| बाल विवाह अन्त्यका लागि अभिभावकहरुका लागि रुपान्तरण प्याकेज संचालन गर्ने | रुपान्तरण प्याकेज संचालन भएको हुने | उपस्थिति तथा फोटो | २०८१ चैत्र देखि नियमित | महिला वाल वालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए र साझेदार संस्था | ५०० |
| वडा कार्यालय भित्र बाल विवाहका असरहरु र कानूनी प्रावधानहरु समवन्धि जानकारीमूलक सामग्री सहितको कर्नर स्थापना गर्ने । | वालविवाहका असरहरु र कानूनी जानकारी उल्लेख भएको पम्प्लेट छपाइ तथा वितरण हुने र हरेक वडा कार्यालयमा सचेतना कर्नर स्थापना भएको हुने | सचेतना कर्नर स्थापना | नियमित | प्रशासन तथा स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस, | युएनएफपीए र साझेदार संस्था | ५० |
| पालिकाको सवै वडाको वालविवाहको तथ्याङ्क संकलन तथा नियमित अद्यावधिक गर्ने प्रणालीको विकास गर्ने। | तथ्याङ्क संकलन तथा नियमित अद्यावधिक भएको हुने | सवै वडाको वालविवाहको तथ्याङ्क संकलन तथा अद्यावधिक भएको हुने | २०८१ चैत्र | महिला वालवालिका तथा पञ्जिकरण शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए र साझेदार संस्था | १०० |
| **उद्देश्य २.** बाल विवाह हुन नदिन समुदायमा आधारित समुदाय निगरानी प्रणालीलाई सुदृढ वनाउने । | | | | | | | |
| बाल विवाह विरुद्ध सूचना तथा निगरानी र रोकथामका लागि पालिका स्तरीय महिला संजाल परिचालन गरि समुदायमा आधारित निगरानी समूह गठन एवं पुर्नगठन गर्ने | अभिमुखिकरण तथा अन्तरकृया संचालन भइ वाल विवाह अन्त्यका लागि परिचालन भएका हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ फागुन देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म, साविका, स्वासेका,युएनएफपीए, | ३५० |
| निगरानी समूह गठन गरि उक्त समूहले वालविवाह अन्त्यका लागि छलफल संचालन गरी बाल विवाह सम्बन्धि घटनाको सूचना वडा | निगरानी समूह गठन भइ नियमित वैठक संचालन भएको तथा वालविवाह | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ पुष देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन | सा.वि.म, साविका, जि.प्रशा.का. | १४० |

| कृयाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सीमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्याकंन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| कार्यालय तथा प्रहरी कार्यालयमा जानकारी गराउने | सम्वन्धि सूचना गराएको हुने | | | बालबालिका शाखा | समिति, | | |
| समुदायमा आधारित निगरानी प्रणाली निर्माण र सुदृढ बनाउन समुदाय, वडा कार्यालय, प्रहरी, जनप्रतिनिधिहरु बीच कार्यमूलक सम्बन्ध बिस्तार गर्न नियमित वैठक संञ्चालन गर्ने | समुदायमा निगरानी प्रणाली निर्माण भइ वालविवाहका घटना अन्त्य भएका हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ माघ देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए साझेदार संस्था | १५० |
| पालिकामा कार्यरत गैं.स.स.हरुको पहिचान गरी यस कार्ययोजनालाई सघाउने र योगदान पुग्ने गरी एकिकृत कार्यक्रम संचालन गर्न पहल र समन्वय गर्ने । | सरोकारवालाहरुको वैठक गरि संयुक्त कार्यक्रम तय भएको | बैठक संचालन माइन्युट | नियमित | महिला वालवालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए साझेदार संस्था | ३० |
| पारिवारिक र मानवीय सम्बन्ध सुदृढीकरण गर्नका लागि अन्तरपूस्ता सम्बाद, पारिवारिक संबाद कार्यक्रम संचालन गर्ने | पारीवारीक सम्वाद कार्यक्रम लक्षीत समुदायमा संचालन भएको हुने | कार्यक्रम सम्पन्न प्रतिवेदन तथा फोटोहरु | २०८१ चैत्र देखि नियमित | महिला वालवालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति | युएनएफपीए साझेदार संस्था | ५० प्रति वर्ष |
| पारिवारिक र मानवीय सम्बन्ध सुदृढीकरण गर्नका लागि अन्तरपूस्ता सम्बाद, पारिवारिक सम्बाद कार्यक्रम संचालन गर्ने | सवै वडामा अन्तरपूस्ता सम्बाद, पारिवारिक सम्बाद कार्यक्रम संचालन भएको हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ माघ देखि नियमित | महिला बालबालिका, शिक्षा / स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए साझेदार संस्था | ५०० |
| **उद्देश्य ३.** समुदायमा वालविवाह निषेध गर्ने विद्यमान कानूनको कार्यान्वयन तथा परिपालनमा जोड दिइ कानूनी कार्वाहीलाई प्रभावकारी वनाउने । | | | | | | | |
| बाल विवाहका घटनाहरुको उजुरी वडा कार्यालय मार्फत न्यायिक समिति र प्रहरीमा गर्ने महिला तथा किशोरी सन्जाल परिचालन गर्ने | वालविवाहका घटनाको उजुरी सम्वद्ध निकायमा भएको हुने | न्यायिक समिति र प्रहरीको प्रतिवेदन | २०८१ पौष देखि नियमित | महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन | न्यायिक समिति युएनएफपीए | ० |

| कृयाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सीमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| | | | | | समिति, | | |
| बाल विवाहका घटनाहरुको उजुरीको लागि पालिकामा हट लाइन, वाटएप्स को ब्यवस्था गरि प्राप्त सूचना, उजुरीलाई पालिका मार्फत प्रहरीलाई परिचालन गरि समाधान गर्ने | बाल विवाहका घटनाहरुको उजुरीको लागि पालिकामा हट लाइनको ब्यवस्था भएको हुने | हट लाइनको रेकर्ड तथा प्रहरीको प्रतिवेदन | २०८२ बैशाख देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय बाल अधिकार समिति, पालिका अनुगमन समिति, | पालिका र दुरसंचार | २०० |
| पालिकाले वाल विवाहको अन्त्यका लागि छोराछोरीबीच विभेद निराकरण गर्न नियमित कार्यक्रम संचालन गर्दा cross cutting रुपमा सचेतना अभियान संचालन गर्ने | पालिकाको नियमित कार्यक्रमहरुमा वालविवाहको अन्त्य वारे जानकारी दिएको हुने | अभियान संचालन प्रतिवेदन | २०८१ पुष देखि नियमित | सवै विषयगत शाखाहरु | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म., युएनएफपीए | ० |
| बाल विवाह अन्त्य अभियान संचालन गर्न पालिका भित्र Role model हरु पहिचान गरी परिचालन गर्ने | वालविवाहको अन्त्यकालागि पालिकामा रोलमोडेलहरु परिचालन भएका हुने | पालिकामा संचालन गरेका कृयाकलापको फोटो तथा प्रतिवेदन | २०८१ वैशाख देखि नियमित | महिला वालवालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म., युएनएफपीए | १०० |
| वालविवाहका परिणामका बारेमा स्थानीय एफएम रेडियो र सामाजीक संजाल मार्फत सन्देशमूलक सूचना प्रवाह गर्ने । | स्थानीय एफएमवाट सन्देशमूलक सूचना प्रवाह भएको हुने | एफएम रेडियोसंगको सम्झौतापत्र | २०८० मंसिर देखि नियमित | महिला वालवालिका /स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | साविका, स्वासेका, युएनएफपीए | ५० |
| बाल विवाह मुक्त टोल, वडा र नगर घोषणा कार्यक्रम संचालन गर्ने | हरेक वर्ष २ वडा बाल विवाह मुक्त टोल, वडा र नगर घोषणा भएको हुने | घोषणा प्रतिवेदन तथा फोटोहरु | २०८१ मंसिर देखि नियमित | महिला वालवालिका तथा पञ्जिकरण शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | सा.वि.म, जिसाका, स्वासेका, युएनएफपीए | ३०० प्रतिवर्ष |
| बाल विवाह अन्त्यका लागि समुदायका अगुवा, | समुदायका अगुवाहरुलाइ | कार्यक्रम संचालन | २०८१ | शिक्षा, | स्थानीय वाल | सा.वि.म, साविका, | ५०० |

| कृयाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सीमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| शिक्षक, नागरिक अगुवाहरुका लागि अभिमुखिकरण र अन्तरक्रिया कार्यक्रम संचालन गरि समुदायमा सचेतनामूलक अभियान संचालन गर्ने । | अभिमुखिकरण तथा अन्तरकृया संचालन भइ वाल विवाह अन्त्यका लागि परिचालन भएका हुने | प्रतिवेदन तथा फोटो | फागुन देखि नियमित | स्वास्थ्य र महिला बालबालिका शाखा | अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | स्वासेका, युएनएफपीए | |
| धार्मिक गुरु, धामी, झाँक्री र ज्योतिषहरुलाई छोराछोरीबीच गरिने भेदभाव र बाल विवाह अन्त्यका लागि सोच, ब्यवहार परिवर्तन सम्बन्धि अभिमुखिकरण तथा अन्तरकृया संचालन गरि सचेतनामूलक अभियान संचालन गर्ने | वालविवाह अन्त्यका लागि अभिमुखिकरण तथा अन्तरकृया संचालन भएको हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ फागुन देखि नियमित | महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | सा.वि.म, साविका, स्वासेका, युएनएफपीए | २०० |
| **उद्देश्य ४.** वालविवाहवाट प्रभावित एवंम् वालविवाहको जोखिममा रहेका वालवालिकाहरु विशेष गरि वालिकाहरुको संरक्षण गर्दै उनीहरुकोलागि लक्षित सेवा, सुविधा तथा अवसरहरुमा सरल र सजह पहुँचको सुनिश्चितता गर्ने । | | | | | | | |
| छोरीको विवाह हुन पूर्वको अवधिका लागि गुणस्तरीय उच्च शिक्षा र स्वास्थ्यको पहुँच सुनिश्चितता गर्न अतिरिक्त र बिशेष छात्रबृतिको व्यवस्था गर्ने । | विशेष छात्रबृति कोषस्थापना भएको हुने | छात्रबृति वितरण गरेको रेकर्ड | कार्ययोजना शुरु भएको एक बर्ष र नियमित | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म., शिविसई | ५०० |
| बाल विवाह अन्त्यका लागि मनोबिमर्शकर्ता र सामुदायिक मनोबिमर्श सहजकर्ताहरु मार्फत समुदायमा पारिवारिक संबाद, परामर्श सेवा संचालन गर्ने | मनोबिमर्शकर्ताहरु मार्फत समुदायमा पारिवारिक संबाद, परामर्श सेवा संचालन भएको हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८१ पुष देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | युएनएफपीए साझेदार संस्था | ५५० |
| विद्यालयमा स्थापना गरिएका किशोरकिशोरी मैत्री सूचना केन्दलाई सक्रिय बनाउनका लागि बार्षिक कार्य योजना निर्माण गर्ने | बार्षिक कार्य योजना निर्माण भएको हुने | कार्ययोजनाको कपी | २०८१ चैत्र नियमित | शिक्षा शाखा | स्थानीय वाल अधिकार समिति, वि.ब्य.स. पालिका अनुगमन समिति, | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | १०० |

| कृयाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सीमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार र अन्य सरोकारवालाहरुको समन्वय र सहकार्यमा किशोरी लक्षित बिशेष प्राविधिक शिक्षा कार्यक्रम लागु गर्ने । | किशोरी लक्षित बिशेष प्राविधिक शिक्षा लागू भएको | विभिन्नतहका सरकारको निर्णय | नियमित | शिक्षा शाखा | सघीय, प्रदेश तथा स्थानीय सरकार, जिसस | सा.वि.म., शि.वि.स.ई. युएनएफपीए | २००० |
| महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका, आमा समूह, महिला सहकारी संस्था, सामुदायिक सिकाइ केन्द्र,किशोरकिशोरी संजाल, वालक्लव, वालसंजाल, किशोरी संञ्जाल, आमा दवाव समूह जुरेस, युरेस, स्काउट, युवा क्लव तथा समूह बैठकमा वाल विवाहका परिणामका बारेमा छलफल अभिमुखिकरण गरि उनिहरु मार्फत समुदायमा सचेतनामूलक अभियान संचालन गर्ने | अभिमुखिकरण तथा अन्तरकृया संचालन भइ वाल विवाह अन्त्यका लागि परिचालन भएका हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८० फागुन देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, जिसस | सा.वि.म, साविका, स्वासेका, युएनएफपीए | ५०० |
| आमा समूहका नियमित बैठकहरुमा बाल विवाह अन्त्य सम्बन्धि अन्तरकृया तथा छलफल गर्ने | आमा समूहमा नियमित रुपमा वालविवाह सम्वन्धि छलफल तथा अन्तरकृया भएको हुने | कार्यक्रम संचालन प्रतिवेदन तथा फोटो | २०८० फागुन देखि नियमित | स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | साविका, स्वासेका, युएनएफपीए | ५०० |
| उद्देश्य ५. पालिकाको आवधिक योजना, बार्षिक योजना तथा कार्यक्रहरुमा हानीकारक प्रचलन विरुद्धका कार्यक्रमहरु प्राथमिताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | | | | | | | |
| बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुका अभिभावकहरुलाई बाल विवाहका परिणाम र प्रभावहरु सम्बन्धि सचेतना संचालन गर्ने | बाल विवाहका परिणाम र प्रभावहरु सम्बन्धि सचेतना संचालन भएको हुने | प्रगति प्रतिवेदन तथा फोटोहरु | २०८१ बैशाख देखि नियमित | शिक्षा, स्वास्थ्य र महिला बालबालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म, साविका, स्वासेका, युएनएफपीए | ८० |
| बाल विवाहबाट प्रभावित किशोरकिशोरीहरुलाई आवश्यकता अनुसार सुरक्षित आवास गृहमा संरक्षण प्रदान गर्ने | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा संरक्षण प्रदान भएको हुने | सुरक्षित आवास गृह तथा प्रहरी प्रतिवेदन | २०८१ बैशाख देखि नियमित | महिला बालबालिका र स्वास्थ्य | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन | सा.वि.म, प्रहरी कार्यालय स्वासेका, युएनएफपीए | १०० |

| कृयाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सीमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्यांकन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| | | | | शाखा | समिति, | | |
| बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरु मनोसामाजिक परामर्श र स्वास्थ्य उपचार प्रदान गर्ने | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा संरक्षण प्रदान भएको हुने | सुरक्षित आवास गृह तथा प्रहरी प्रतिवेदन | २०८१ बैशाख देखि नियमित | महिला बालबालिका र स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म, प्रहरी कार्यालय स्वासेका, युएनएफपीए | १०० |
| बाल विवाहबाट प्रभावित एवं बालविवाहको जोखिममा रहेका किशोरकिशोरीहरुलाई सीपमूलक तालीम प्रदान गरी उनीहरुका लागि रोजगारी सृजना गर्ने | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा संरक्षण प्रदान भएको हुने | सुरक्षित आवास गृह तथा प्रहरी प्रतिवेदन | २०८१ बैशाख देखि नियमित | महिला बालबालिका र स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म, प्रहरी कार्यालय स्वासेका, युएनएफपीए | १०० |
| बालविवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको संरक्षण, सीपमूलक तालीम प्रदान तथा ब्यवसाय संचालन सहयोगका लागि छुट्टै अक्षय कोषको ब्यवस्था गर्ने | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा संरक्षण प्रदान भएको हुने | सुरक्षित आवास गृह तथा प्रहरी प्रतिवेदन | २०८१ बैशाख देखि नियमित | महिला बालबालिका र स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म, प्रहरी कार्यालय स्वासेका, युएनएफपीए | ५०० |
| **उद्देश्य ६.** वालविवाहको अन्त्य गर्ने अभियानलाई ब्यापकता दिन प्रदेश तथा संघीय सरकार लगायत बिकास साझेदारहरुसंग स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न समन्वय, सहकार्य तथा साझेदारीता अभिबृद्धिमा जोड गर्ने । | | | | | | | |
| पालिकाको बार्षिक कार्यक्रम संचालनका लागि दातृ निकाय, स्थानीय गैर सरकारी संस्था र सरोकारवालाहरुको सहकार्य र साझेदारीका लागि एकद्बार प्रणालीमा आवद्ध गर्ने | प्रभावितहरुलाइ सुरक्षित आवास गृहमा संरक्षण प्रदान भएको हुने | सुरक्षित आवास गृह तथा प्रहरी प्रतिवेदन | २०८१ बैशाख देखि नियमित | महिला बालबालिका र स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | सा.वि.म, प्रहरी कार्यालय स्वासेका, युएनएफपीए | १०० |
| सामाजिक, सांस्कृतिक अभियान कार्यक्रम (भेला, मेला/जात्रा) हरुमा वाल विवाहको विरुद्ध विभिन्न सचेतना गर्ने । | स्थानीय भेला, मेला तथा जात्रामा वाल विवाहको विरुद्ध सचेतनामूलक | सचेतना संचालन प्रतिवेदन तथा फोटोहरु | २०८० चैत्र देखि नियमित | स्वास्थ्य शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन | सा.वि.म, साविका, स्वासेका, युएनएफपीए | २०० |

| कृयाकलाप | नतिजा | कार्य सम्पादन सूचक | समय सीमा | जिम्मेवार शाखा | अनुगमन तथा मुल्याकंन निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु हजार मा) |
|---|---|---|---|---|---|---|---|
| | कृयाकलापहरु संचालन भएको हुने | | | | समिति, जिसस | | |
| बाल विवाहका घटना, बाल विवाह बिरुद्ध संचालित कार्यक्रमको अनुगमनका लागि पालिकामा गठित अनुगमन संयन्त्रलाई जिम्मेवार बनाइ नियमित अनुगमन गर्ने | अनुगमन संयन्त्रवाट नियमित अनुगमन भएको हुने | अनुगमनको फोटो र प्रतिवेदन | हरेक वर्ष नियमित | महिला वालवालिका शाखा | स्थानीय वालअधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए / साझेदार संस्था | ३५० |
| बाल विवाहका घटना, बाल विवाह बिरुद्ध समुदायमा संचालित कार्यक्रमहरुको वडास्तरमा समिक्षा, अनुगमन मूल्याकंन गर्ने | वडास्तरमा अनुगमन तथा समिक्षा भएको हुने | अनुगमनको फोटो तथा समीक्षा प्रतिवेदन | हरेक वर्ष नियमित | महिला वालवालिका शाखा | स्थानीय वालअधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए / साझेदार संस्था | ७०० |
| कार्ययोजना कार्यान्वयन सम्बन्धि प्रगति प्रतिवेदन तयार गरी सार्वजनीक गर्ने र प्रदेश र संघीय सरकारमा पेश गर्ने । | प्रगति प्रतिवेदन पेश गरेको हुने | प्रगति प्रतिवेदन/ फोटोहरु | नियमित | महिला वालवालिका शाखा | स्थानीय वालअधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए / साझेदार संस्था | ५० |
| कार्ययोजना कार्यान्वयनको बारे बार्षिक समिक्षा गर्ने र समिक्षाबाट आएको सुझावको आधारमा कार्ययोजना अद्यावधिक गर्ने । | नियमित रुपमा समीक्षा भइ कार्य योजना अद्यावधिक भएको हुने | समिक्षा गोष्ठीको उपस्थिति तथा प्रतिवेदन | बार्षिक रुपमा नियमित | महिला वालवालिका शाखा | स्थानीय वाल अधिकार समिति, पालिका अनुगमन समिति, | युएनएफपीए / साझेदार संस्था | ३५० |
| यस रणनीति अवधिको जम्मा बजेट रु एक करोड अठाइस लाख रहेको छ भने बार्षिक रुपमा रु पच्चीस देखि तिस लाख भन्दा बढी बजेट बिनियोजन गरेर बाल विवाहको अन्त्यको लागि प्रभावकारी कम गर्न सकिन्छ । यस रणनीति योजनामा सहयोगी निकायको रुपमा समेटिएको युएनएफपीए, एनएफसिसि ले श्रोतको उपलब्धताको आधारमा आवश्यक आर्थिक तथा प्राबिधिक सहयोग प्रदान गर्ने गरि जिम्मेवारी प्रदान गरिएको छ । | | | | | | | १२८०० |

**अनुसुचिहरु**

**क. पालिकाको बैठकका उपस्थिति र माइन्यूटहरु**

**ख. पालिकाको बैठकका फोटोहरु**

**ग. कार्यक्रमका मुख्य मुख्य नाराहरु**

छोरा र छोरी, दुवै बराबरी ।

बाल अधिकारको संरक्षण, सामाजिक विकासको प्रवर्धन ।

बिहेवारी, वीस वर्ष पारी ।

स्वस्थ्य र सक्षम बालबालिका, बालविवाह मुक्त मष्टा गाउँपालिका ।

गुणस्तरीय शिक्षा, हामी सबैको सदिच्छा

**घ. संक्षिप्त शब्दावलीको जानकारी**

सा.वि.म. = सामाजिक विकास मन्त्रालय

जिसस = जिल्ला समन्वय समिति

जि.प्रशा.का. = जिल्ला प्रशासन कार्यालय

सा.वि.का.= सामाजिक विकास कार्यालय

शिविसई = शिक्षा विकास तथा समन्वय ईकाइ

स्वाका = स्वास्थ्य कार्यालय

यूएनएफपीए = संयुक्त राष्ट्र संघीय जनसंख्या कोष

गैसस = गैरसरकारी संस्था

NFCC: नेपाल प्रजनन स्याहार केन्द्र

**ङ. स्रोत तथा सन्दर्भ सामग्री**

नेपालको संविधान, २०७२

बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

मुलुकी देवानी संहिता, २०७४

मुलुकी अपराध संहिता, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४

बालबालिकासम्बन्धी ऐन, २०७५

प्रदेश बालिकासम्बन्धी ऐन, २०७६

**प्रमाणीकरण मिति : २०८१/०९/२६**

**आज्ञाले**
**रमेश कुमार खड्का**
**नि.प्रमुख प्रशासकीय अधिकृत**